सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ फागुन २०८०, बुधबार (6 Mar 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३१७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रदेशमा परकम्प सुरु

गण्डकी र सुदूरपश्चिमका मुख्यमन्त्रीले बर्खास्त गरे माओवादीका मन्त्री, कर्णाली प्रदेश सरकारलाई काग्रेसले दिएको समर्थन फिर्ता

प्रदेशमा नयाँ गठबन्धनको यस्तो अंकगणित

(विस्तृत पृष्ठ ३)

लोकतन्त्रमा पनि परम्पराकै निरन्तरता



अग्रलेख

● राजेश विद्रोही

(लेख पृष्ठ ४)

नागढुंगा सुरुङमार्ग 'ब्रेक थ्रु' अन्योलमा

१४ मिटर मात्रै सुरुङ खन्न बाँकी, तर ६ फागुनदेखि काम ठप्प



'ब्रेक थ्रु'का लागि जाइकाका वरिष्ठ उपाध्यक्ष नेपालमा

(विस्तृत पृष्ठ ६)

नेदरल्यान्ड्सलाई सिरिज



फाइनलमा नेपाल दिएको १८५ रनको लक्ष्य नेदरल्यान्ड्सले ६ विकेट गुमाउँदै १९.३ ओभरमा पूरा गऱ्यो

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



मन्त्रालय बाँडफाँटमा विलम्ब

सरकारमा सहभागी हुने दलहरूको संख्या यकिन नहुँदा तथा शक्तिशाली मन्त्रालयहरूमा ठूला दलको दाबीले बाँडफाँटमा कठिनाइ,

एकीकृत समाजवादी र अन्य साना दललाई समेत सामेल गर्ने गरी मन्त्रिपरिषद् विस्तार केही दिन 'होल्ड' गरेर गठबन्धनका दलहरू आन्तरिक कसरतमा

● **देव गुरुङ,** महासचिव, माओवादी

गठबन्धनमा सहभागी हुने दलहरूको टुंगो लागेपछि भागबन्डाको विषय टुंगिन्छ। कुन-कुन दल गठबन्धनमा सहभागी हुने भन्ने मै छलफल भइरहेको छ। गठबन्धनमा समेटिने दलहरूको टुंगोपछि कुन मन्त्रालय कसलाई दिने भन्ने विषय टुंगिन्छ।

प्रेम गौतम, शुरोजंग पाण्डे

आठबुँदे सहमतिसहित चार राजनीतिक दलबीच नयाँ गठबन्धन बने पनि मन्त्रालय बाँडफाँटमा विलम्ब देखिएको छ। सरकारमा सहभागी हुने दलहरूको संख्या यकिन नहुँदा तथा केही शक्तिशाली मन्त्रालयमा ठूला दलको दाबीले मन्त्रालय बाँडफाँटमा विलम्ब भएको हो।

गठबन्धन चुनावसम्म बलियो बनाउन रास्वपा र जसपाबाहेक एकीकृत समाजवादी र अन्य साना पार्टीलाई समेत सामेल गर्ने गरी मन्त्रिपरिषद् विस्तारलाई केही दिन होल्डमा राखेर दुवै नेता आन्तरिक कसरत र दौडधुपमा सक्रिय छन्। साथै नयाँ समीकरण बनेपछि एमाले, माओवादी, रास्वपा र जसपाले मन्त्रिपरिषद् विस्तारको प्रारम्भिक गृहकार्य सुरु गरेका छन्।

चार दलबीच आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने र बाँडफाँट गर्दा मन्त्रालयको विशेषताका आधारमा वर्गीकरण गरी मिलाउने सहमति छ। उनीहरूबीच नयाँ संयुक्त सरकार गठन प्रक्रियामा सहभागी हुन अन्य दलसँग पनि आवश्यक संवाद अघि बढाउने सहमति छ। यसैअनुसार एकातिर कार्यदलले काम गरेको छ भने शीर्ष नेता अन्य दलसँग संवादमा छन्।

२५ सदस्यीय मन्त्रिपरिषद्मा २१ वटा मन्त्रालय छन्। जसअनुसार अधिल्लोपटककै भागबन्डालाई आधार मान्ने मोटामोटी समझदारी भए पनि शक्ति परिचालन, विकास निर्माण र अन्य मन्त्रालयलाई

» पृष्ठ २ मा क्रमशः

■ कोटेश्वरमा प्रचण्ड, ओली र नेपालबीच दुई घण्टा वार्ता

गठबन्धनमा सहभागी हुन एकीकृत समाजवादी सकारात्मक





● **घनश्याम भुसाल,** महासचिव, एकीकृत समाजवादी

वाम पार्टीहरू सकेसम्म एक ठाउँमा भएर, अरू लोकतान्त्रिक शक्तिहरूसँग पनि सम्भव भएसम्म अगाडि जाने विषयमा गहिराइमा छलफल भयो। खासगरी मुलुकको समस्याबारे, हाम्रो आन्दोलनको चुनौतीहरूको बारेमा कुरा भयो। चासो, चिन्तालाई हेर्दा ती मुलुकको बारेमा छन्। हामी सबैले एक खालले सेयरिङ गर्‍यौं।

■ पार्टी बैठकमा ओलीको 'ब्रिफिङ'

०८४ को निर्वाचनसम्मै गठबन्धनको समझदारी



दुई-दुई वर्षको आलोपालो सत्ता सञ्चालन गर्ने, तर सरकारको स्थायित्व जोडिएकाले बाहिर प्रचार नगर्ने, प्रधानमन्त्रीलाई सहज हुने गरी मन्त्रालय बाँडफाँट गर्ने, समझदारी परिपक्व र राम्रो बन्दै गयो भने ०८४ को चुनावमा पनि मिलेरै जाने, पार्टी एकता तत्काल नगर्ने, तर पर्याप्त गृहकार्य र बहस चलाउँदा परिपक्व परिस्थिति निर्माण भयो भने मात्र निर्णयमा पुग्ने गरी मोटामोटी समझदारी भएको छ। यो गठबन्धनमा राप्रपालाई सामेल गरिँदैन, बरु नयाँ र साना पार्टीहरूलाई लैजान सकिन्छ। अहिलेको मुलुकको परिस्थितिलाई पनि बुझेर हामीले कदम चाल्नुपर्ने अवस्था छ।

कांग्रेसले फिर्ता लियो सरकारलाई दिएको समर्थन

सभापति शेरबहादुर देउवानिवास बुढानीलकण्ठमा मंगलबार बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गर्दै कांग्रेसले भनेको छ-

■ **प्रधानमन्त्रीले विश्वास गुमाए** : ४ मंसिरमा सम्पन्न निर्वाचनमा साझा ढंगले गरिएका वाचा र निर्वाचनमार्फत मतदाताले दिएको म्यान्डेटप्रति कांग्रेस प्रतिबद्ध रहिआएको थियो। तर, त्यो म्यान्डेट कुठाराघात गर्दै दोस्रोपटक पनि उहाँ (प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड) अविश्वसनीय ढंगले अग्रसर हुनुभएपछि कांग्रेस सहमत रहन सक्ने र विश्वास राख्न सक्ने स्थिति रहेन।

■ **अस्थिरताको जोखिम** : संविधानको रक्षा र गणतन्त्रको सुदृढीकरण गर्दै, क्रमशः सुधारोन्मुख अर्थतन्त्रमा गति प्रदान गर्दै, नागरिकपक्षिमा नवीन आशा जगाएर अघि बढ्नुपर्ने समय थियो। तर, कपोलकल्पित कारण देखाएर गठबन्धन भत्काउनु नियोजित देखिएको त छ नै, प्रधानमन्त्रीको यो कदमले अन्योल र अस्थिरतालाई बढावा दिएको छ।

■ **सशक्त प्रतिपक्ष** : यो घटनालाई गम्भीर ढंगले लिँदै संसद्मा प्रतिपक्षको भूमिका सशक्त र प्रभावकारी ढंगले निभाउने निर्णय छ।

पदाधिकारी बैठकमा देउवाले भने- प्रचण्डबाट धोका भयो, राजनीतिक अस्थिरता निम्तियो



गठबन्धनमा प्रचण्डजीबाट ठूलो धोका भयो। उहाँको यो कदमबाट राजनीतिक अस्थिरता निम्तिएको छ। परिवर्तित समयमा कांग्रेस रचनात्मक प्रतिपक्षको भूमिकामा रहनेछ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

गठबन्धन तोडिएको दोस्रो दिन कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई दिएको समर्थन औपचारिक रूपमा फिर्ता लिएको छ। मंगलबार सभापति शेरबहादुर देउवानिवास बुढानीलकण्ठमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिएर रचनात्मक प्रतिपक्षको भूमिकामा रहने निर्णय गरेको हो।

'केन्द्रीय कार्यसम्पादन समिति बैठकले प्रचण्ड नेतृत्वमा रहेको वर्तमान

» पृष्ठ २ मा क्रमशः

संघीयतामा पनि सिडिओलाई शक्तिशाली बनाउने प्रस्ताव



नवराज मैनाली/नयाँ पत्रिका

जिल्लामा प्रदेश प्रहरी हुने संवैधानिक व्यवस्था छ, तर उनीहरूलाई परिचालन भने संघीय सरकारका प्रतिनिधिका रूपमा खटिने प्रमुख जिल्ला अधिकारी (सिडिओ)ले गर्ने गरी ऐन बनाउने तयारी छ। गृह मन्त्रालयले सिडिओलाई शक्तिशाली बनाउने गरी स्थानीय प्रशासन ऐनको मस्यौदा तयार गरेको छ। मस्यौदामा जिल्लाको शान्ति सुरक्षाको सम्पूर्ण अधिकार सिडिओलाई दिने प्रस्ताव छ। यसले जिल्लाको शान्ति सुरक्षामा सिडिओ र प्रदेश प्रहरीको दोहोरो कमान्ड चल्ने जोखिम

» पृष्ठ २ मा क्रमशः



गंगानारायण श्रेष्ठ, आन्तरिक मामिलामन्त्री, बागमती

हाम्रो संविधानले सिडिओलाई चिन्दैन, त्यसकारण सिडिओ राख्नु नै आवश्यक छैन। यदि केही समयलाई सिडिओ राख्ने नै हो भने पनि प्रदेश सरकारसँग उत्तरदायी हुने गरी राख्नुपर्छ। सिडिओको कार्यसम्पादन प्रदेशले गर्न पाउनुपर्छ भनेर हामीले संघीय सरकारलाई भनेका छौं। सिडिओले नै प्रहरी चलाउने हो भने प्रहरी समायोजनको के अर्थ रह्यो ?



गोविन्द कुसुम, पूर्वगृहसचिव

सिडिओलाई साबिककै भूमिकामा खटाउनु उचित हुन्छ। प्रहरीलाई सिडिओमातहत परिचालन गरिएन भने संघ र प्रदेशबीच ग्याप बढ्दै जान्छ। यसले सुरक्षामा ठूलो चुनौती थपिन्छ, संघीयता कार्यान्वयनका नाममा राष्ट्रिय सुरक्षामा सम्झौता गर्नुहुन्न। नत्र देशले चर्को मूल्य चुकाउनुपर्ने हुन सक्छ।




नारायणप्रसाद भट्टराई, प्रवक्ता, गृह मन्त्रालय

संविधानअनुकूल बनाउन नयाँ स्थानीय प्रशासन ऐन ल्याउन लागिएको हो। अहिले यसमा प्रारम्भिक छलफल मात्र भएको छ। अहिलेका प्रावधान पछि हेरफेर हुन सक्छन्।

BBSM (ESTD. 1984 AD)
भाट-भटेनी सुपर मार्केट
Bhatbhateni Super Market
२७औं स्टोर अब दमक-९, झापामा
Welcome to Great shopping Experience.
"Our Goal is to Satisfy Our Customer"
२०८०, फागुन २३ गतेदेखि
शुभारम्भ
आदरणीय ग्राहक महानुभावहरुको अपार स्नेहका साथै नेपाल सरकार, अन्य नियामक निकाय एवं शुभेच्छुकहरुको अटुट सहयोग, शुभेच्छा, मार्गदर्शन र विश्वासको फेरो समातेर हामीले चार दशकको सफल यात्रा सम्पन्न गरेका छौं।
यसै क्रममा झापाको व्यापारिक सुन्दर नगरी दमकमा २७औं भाट-भटेनी सुपर स्टोर उद्घाटन हुन गाइरहेको व्यहोरा सहर्ष जानकारी गराउँछौं। भाट-भटेनी सुपर स्टोर उद्घाटन समारोहमा यहाँहरुलाई हार्दिक आमन्त्रण गर्दछौं। यहाँहरुको उपस्थिति हाम्रो लागि ठूलो प्रेरणास्रोत बन्नेछ।
भाट-भटेनी सुपर मार्केट परिवार
सम्पूर्ण सामानहरूमा १०% शुभारम्भ छुट
इलेक्ट्रोनिक्स सामानहरूमा २०% छुट
www.bbsm.com.np
Bhat Bhateni Supermarket

कैलाली-कञ्चनपुर खण्डको हुलाकी राजमार्ग निर्माणमा बजेट अभाव

४५ करोड माग, बजेट नआए चैतदेखि काम ठप्प हुने



● **पारस हमाल,** प्रमुख, हुलाकी राजमार्ग आयोजना कार्यालय धनगढी

निर्माण कम्पनीहरूले गरेको कामको बिल पेस गरे बाँकी रकम भुक्तानीका लागि पनि पुग्दैन। काम रोकिने अवस्था आउन नदिन केन्द्रसँग थप ४५ करोड रुपैयाँ बजेट निकासाको माग गरेका छौं। थप बजेट आएन भने चैतदेखि काम ठप्प हुने स्थिति छ। बजेट अभावले काम प्रभावित बन्दा आयोजनाको अवधि थप लम्बिन सक्छ।

■ हुलाकी राजमार्गअन्तर्गत कैलालीमा सडक र पुल गरी १७ वटा खण्ड तथा कञ्चनपुरमा ६ वटा खण्डमा छुट्टाछुट्टै ठेक्कामार्फत काम भइरहेको छ



कैलालीमा निर्माणाधीन हुलाकी राजमार्ग

धनगढीमा **तेजराज भट्ट**

बजेट अभावका कारण कैलाली-कञ्चनपुर खण्डको निर्माणाधीन हुलाकी राजमार्गको काम ठप्प हुने अवस्थामा पुगेको छ। चालू आर्थिक वर्षका लागि विनियोजित बजेट सकिन लागेकाले चैतदेखि निर्माण कम्पनीलाई कामको भुक्तानी दिन नसक्ने अवस्था निम्तिएको हो।

दुई जिल्लामा आयोजनाका लागि सरकारले चालू आर्थिक वर्षमा ३९ करोड बजेट छुट्याएको थियो। हुलाकी राजमार्ग आयोजना कार्यालय धनगढीका अनुसार त्यसमध्ये करिब साढे ३५ करोड रुपैयाँ खर्च भइसकेको छ। बाँकी रहेको रकम अहिले भएको कामको भुक्तानी दिन पनि नपुग्ने आयोजना प्रमुख पारस हमालले बताए। 'निर्माण कम्पनीहरूले गरेको कामको बिल पेस गरे बाँकी रकम

» पृष्ठ २ मा क्रमशः

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बिर्तामोड (साबिक अनारमनी)को धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बिर्तामोड (साबिक अनारमनी)बाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० फागुन ३० गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बिर्तामोडमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०३/३१ मा दर्ता नं. १९३१७४/७४/०७५ कायम भई दर्ता रहेको झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि. ।**

लिलाम हुने सम्पतिको विवरण

१. **खेम राज बिमली**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६१९ र ६२१ को क्षेत्रफल क्रमशः ०-०-१९ र ०-०-९ (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **ऐनुका बिमली**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स., वडा नं. ४ स्थित कित्ता नं. ६१८ र ६२० को क्षेत्रफल क्रमशः ०-०-१५ र ०-०-७ (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला चारपाने गा.वि.स., वडा नं. ५ स्थित कित्ता नं. ८३९, ८०२, ९८४, ८३८, ९८५ र १६६५ को क्षेत्रफल क्रमशः ०-४-१५-०, ०-१-०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-० र ०-७-१०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
४. **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स., वडा नं. ७ स्थित कित्ता नं. १७०२ र १७०४ को क्षेत्रफल क्रमशः ७३३ र १२४७.१५ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
५. **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला गरामनी गा.वि.स., वडा नं. ९ स्थित कित्ता नं. २२९ र ९०९ को क्षेत्रफल क्रमशः ८०० र ४४०२.७५ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
६. ऋणी **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को स्वामित्वमा रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ५ स्थित गोदाममा रहेको सम्पूर्ण चल/अचल श्रीसम्पत्ति (Plant and Machinery) तथा अन्य सामानहरु ।

धनि कुमारी बैंक लि. र ऋणी **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.** कायम भएको तपसिलको सवारी साधनः

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
बागमती प्रदेश ०१ ०२६ च ४३४३	MEEHBC003M9026916	E098982	Renault Kiger RXZ MT	यातायात व्यवस्था कार्यलय ललितपुर
प्रदेश ३-०१-०२४ च-२१५३	MALPC812LLM082548*K	G4FLLV082837	Hyundai Creta	यातायात व्यवस्था कार्यलय ललितपुर

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरणः

१. **नविन बिमली**
ना.प्र.नं.: ३५७४४३५२
जारी मितिः २०५९/०१/१८, जि.प्र.का. झापा
बाबुः मेधन प्रसाद बिमली
बाजेः पुण्य प्रसाद बिमली
स्थायी ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १०

२. **मनरथ भेटुवाल**
ना.प्र.नं.: ९९०१५९८१
जारी मितिः २०४५/०१/०४, जि.प्र.का. झापा
बाबुः लक्ष्मी प्रसाद भेटुवाल
बाजेः धरिराम भेटुवाल
स्थायी ठेगानाः झापा जिल्ला, पुथ्वीनगर गा.वि.स., वडा नं. ०४
हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२

३. **कपिल बिमली**
ना.प्र.नं.: ०४१०१४/३६८
जारी मितिः २०६४/०८/१८, जि.प्र.का. झापा
बाबुः मेधन प्रसाद बिमली
बाजेः पुण्य प्रसाद बिमली
स्थायी ठेगानाः झापा जिल्ला, गरामनी गा.वि.स., वडा नं. ०९
हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १०

४. **ओम प्रकाश बिमली**
ना.प्र.नं.: १८२४१९८४
जारी मितिः २०५६/०४/१४, जि.प्र.का. झापा
बाबुः खेमराज बिमली
बाजेः खड्ग प्रसाद बिमली
स्थायी ठेगानाः झापा जिल्ला, डागीवारी गा.वि.स., वडा नं. ०८
हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२

५. **सर्मिला सेलवाल**
ना.प्र.नं.: ०३/४६३३
जारी मितिः २०६३/०४/१५, जि.प्र.का. झापा
बाबुः देवी प्रसाद सेलवाल
बाजेः याम नाथ सेलवाल
स्थायी ठेगानाः झापा जिल्ला, डागीवारी गा.वि.स., वडा नं. ०४
हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १०

६. **खेम राज बिमली**
ना.प्र.नं.: ०४-०१-७२-११६२१
जारी मितिः २०७२/१२/१७, जि.प्र.का. झापा
बाबुः खड्ग प्रसाद बिमली
बाजेः महानन्द बिमली
स्थायी ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२

७. **खेम कुमारी सेल्वाल**
ना.प्र.नं.: २३३७५१७
जारी मितिः २०४६/०२/१०, जि.प्र.का. झापा
बाबुः यमनाथ सेल्वाल
बाजेः इश्वरी प्रसाद सेल्वाल
स्थायी ठेगानाः झापा जिल्ला, डागीवारी गा.वि.स., वडा नं. ०४
हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं ०२

८. **हेम राज संग्रौला**
ना.प्र.नं.: ८८८३
जारी मितिः २०५३/०५/२७, जि.प्र.का. पाँचथर
बाबुः रुद्र प्रसाद संग्रौला
बाजेः हरि प्रसाद संग्रौला
स्थायी ठेगानाः पाँचथर जिल्ला, पंचमी गा.वि.स., वडा नं. ०९
हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०४

९. **ऐनुका बिमली**
ना.प्र.नं.: २३३७९५६
जारी मितिः २०४६/०२/१०, जि.प्र.का. झापा
बाबुः हरी लाल नेपाल
ससुराः खड्ग प्रसाद बिमली
स्थायी ठेगानाः झापा जिल्ला, डागीवारी गा.वि.स., वडा नं. ०८
हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२

१०. **अञ्जना प्रसाई**
ना.प्र.नं.: ३६७/५८
जारी मितिः २०६०/१०/२६, जि.प्र.का. ताप्लेजुङ
बाबुः राम प्रसाद प्रसाई
बाजेः परमानन्द प्रसाई
स्थायी ठेगानाः ताप्लेजुङ जिल्ला, हाङपाङ गा.वि.स., वडा नं. ०८
हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं ०२

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० फागुन २९ गते** भित्र बैंकको शाखा कार्यालय बिर्तामोडमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बिर्तामोडबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० फागुन ३० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बिर्तामोडमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बिर्तामोडमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० फागुन ३० गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय बिर्तामोड फोन नं. ०२३-५३३८२२

मन्त्रालय...

पृष्ठ १ बाट क्रमशः

तीन भागमा वर्गीकरण गरेर बाँडफाँट गर्ने तयारी छ । एमालेबाट सरकारमा आठ, माओवादीबाट पाँच, रास्वपाबाट तीन, जसपाबाट दुई, जनमत पार्टीबाट एक मन्त्री सरकारमा सामेल थिए ।

एमालेबाट उपाध्यक्ष विष्णु पौडेलले अर्थ मन्त्रालयसहित सरकारको नेतृत्व गरेका थिए । अर्थ मन्त्रालय पाएको खण्डमा पौडेलको नेतृत्वमा सरकारमा पठाउने अन्यथा उपमहासचिव पृथ्वीसुब्बा गुरुङलाई नेतृत्वसहित पठाउने विषयमा प्रारम्भिक छलफल चलिरहेको अध्यक्ष ओलीनिकट स्रोतले बताएको छ ।

'उहाँहरूमध्ये एक या दुवैजनालाई सरकारमा पठाउने गरी प्रारम्भिक छलफल चलेको छ,' निकट स्रोतले भन्यो, 'त्यसबाहेक पदाधिकारीबाट अरू दुईजनालाई पठाउने तयारी छ ।' पदाधिकारीमध्ये सचिवहरू योगेश भट्टराई, गोकर्ण विष्ट र रघुवीर महासेठमध्येबाट पठाउने र बाँकी मन्त्रीहरू पुरानै अनुहार दोहोऱ्याउने गरी नै पार्टीभित्र छलफल चलिरहेको स्रोतको दाबी छ ।

एकीकृत समाजवादीसहित साना दललाई पनि सरकारमा सामेल गर्ने प्रयास टुंगिएपछि मन्त्रालय भागबन्ड पनि प्याकेजमै टुंग्याउने गरी तयारी अगाडि बढेको छ ।

अर्कोतिर उपप्रधान तथा गृहमन्त्रीसहित सभापति रवि लामिछानेको नेतृत्वमा रास्वपा सरकारमा सहभागी हुने तयारीमा छ । विनाविभागीय मन्त्रीको शपथ लिएका उपसभापति डोरप्रसाद अर्यालले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पाउने चर्चा छ ।

रास्वपा महामन्त्री मुकुल ढकालले सत्तागठबन्धनमा मन्त्रालयको बाँडफाँट टुंगो नलागेकाले पार्टीबाट को-को सरकारमा जाने भन्ने निर्णय नभइसकेको बताए ।

कोटेश्वरमा प्रचण्ड, ओली र नेपालबीच दुई घण्टा वार्ता

एकीकृत समाजवादी नयाँ गठबन्धनमा सहभागी हुन सकारात्मक देखिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीले नयाँ गठबन्धनमा सहभागी हुन गरेको प्रस्तावमा एकीकृत समाजवादी सकारात्मक देखिएको हो ।

प्रचण्ड र ओली मंगलबार साँझ नेपालनिवास कोटेश्वर पुगेर नयाँ गठबन्धनमा सहभागी हुन प्रस्ताव गरेका थिए । आपसी परामर्शविना प्रचण्डले गठबन्धन बनाएकोमा नेपाल असन्तुष्ट थिए । प्रचण्ड र ओलीले सविस्तार मुलुकका चुनौती र आगामी यात्राबारे प्रस्ट कुरा राखेपछि नेपाल नयाँ गठबन्धनप्रति सकारात्मक बनेको स्रोतको दाबी छ ।

भेटघाटको सुरुमा नेपालले किन चार दल मात्रै गठबन्धनमा हुनुभयो भन्ने प्रश्न गरेका थिए । जवाफमा प्रचण्डले आफ्ना कतिपय बाध्यता र सीमा बुझ्न आग्रह गर्दै भविष्यमा मिलेर जाने प्रस्ताव गरेका थिए । गठबन्धनबाट आफू निस्कनुपर्नाको कारणबारे व्याख्या गर्दै प्रचण्डले 'हामी सँगै जानुपर्छ । अब अगाडि बढौं' भनेका थिए । वामपन्थीहरू कोही नछुटी सहकार्य गर्ने र अरू शक्तिहरूसँग सहकार्य गरेर अगाडि जानुपर्छ भन्ने प्रचण्डको जोड थियो ।

भेटमा ओलीले नयाँ शिराबाट अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताएका थिए । एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाललेसामूहिक चासोका विषयमा छलफल भएको बताए ।

नेपालले बुधबार सचिवालय बैठक बसेर निर्णय लिने जवाफ दिएका छन् । बुधबार बिहान ११ बजे बस्ने गरी बैठक बोलाइएको छ । एमाले महासचिव शंकर पोखरेलले आफूहरूले गठबन्धनमा सहभागी हुन अनुरोध गर्दा नेपालले पार्टीको बैठक बसेर निर्णय लिने जवाफ दिएको बताए ।

पार्टीमा ओलीको 'ब्रिफिङ' : ०८४ को निर्वाचनसम्मै गठबन्धनको समझदारी

दुई ठूला वामपन्थी दल एमाले र माओवादी मिलेर बनेको नयाँ गठबन्धनलाई आगामी आमचुनावसम्म लैजाने उच्चस्तरीय समझदारी भएको छ । एमाले अध्यक्ष केपी ओली र प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड दुवैले स्थायित्वका लागि गठबन्धन चुनावसम्मै लैजाने गरी समझदारी बनेको पार्टीमा 'ब्रिफिङ' गरेका हुन् ।

आन्तरिक विश्वास मजबुद बनाएर चुनावसम्म र त्यसपछि पनि निरन्तरता दिने उद्देश्यले ओली र प्रचण्डले करिब ६ महिनादेखि आन्तरिक कसरत गरेकाले अहिले नयाँ गठबन्धन सम्भव भएको एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङले बताए । 'अहिलेको परिणाम दुई अध्यक्षको करिब ६ महिनादेखिकै गृहकार्यबाट सम्भव भएको हो, त्यसैले उहाँहरू नै समीकरणमा निर्णायक हुनुहुन्छ,' गुरुङले नयाँ पत्रिकासँग भने, 'गठबन्धनलाई चुनावसम्म मजबुद बनाएर लैजाने र त्यसपछि पनि सहकार्यसहित जाने गरी नै सुझबुझपूर्ण ढंगले नेतृत्व अगाडि बढेको छ ।'

एमाले अध्यक्ष ओलीले गठबन्धन चुनावसम्म लैजाने र परिपक्व परिस्थिति बनेको अवस्थामा एकतासम्मै जान सकिने सम्भावनाको ढोका खुला राखेर अगाडि बढेको बिफ्रिङ गरेका थिए । नयाँ गठबन्धनमा दक्षिणपन्थी शक्ति राप्रपालाई सामेल नगर्ने प्रस्ट नीति रहेको ओलीको भनाइ थियो । 'यो गठबन्धनमा राप्रपालाई सामेल गरिँदैन, बरु नयाँ र साना पार्टीहरूलाई लैजान सकिन्छ,' एमालेका एक पदाधिकारीले ओलीको भनाइ उद्धृत गर्दै भने, 'अहिलेको मुलुकको परिस्थितिलाई पनि बुझेर हामीले कदम चाल्नुपर्ने अवस्था छ ।'

कांग्रेसले...

पृष्ठ १ बाट क्रमशः

सरकारलाई कांग्रेसले दिएको समर्थन फिर्ता लिने निर्णय गर्दछ,' मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी गरेको विज्ञप्तिमा छ ।

कांग्रेसले प्रधानमन्त्री प्रचण्ड दोस्रोपटक अविश्वनीय ढंगले पेस भएकाले उनीसँग विश्वास राख्न सक्ने स्थिति नरहेको टिप्पणी गरेको छ । 'मंसिर ४ मा सम्पन्न निर्वाचनमा साझा ढंगले गरिएका वाचा र निर्वाचनमार्फत मतदाताले दिएको म्यान्डेडप्रति नेपाली कांग्रेस प्रतिबद्ध रहिआएको थियो,' विज्ञप्तिमा छ, 'तर, त्यो म्यान्डेड कुठाराघात गर्दै दोस्रोपटक पनि उहाँ अविश्वसनीय ढंगले अग्रसर हुनुभएपछि कांग्रेस सहमत रहन सक्ने र विश्वास राख्न सक्ने स्थिति रहेन ।'

कांग्रेसले नयाँ गठबन्धन निर्माणले राजनीतिक अस्थिरताको सिर्जना गरेको विश्लेषण गर्दै प्रतिपक्षको भूमिका सशक्त र प्रभावकारी ढंगले निभाउने निर्णय लिएको छ । 'संविधानको रक्षा र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै, क्रमशः सुधारोन्मुख अर्थतन्त्रमा गति प्रदान गर्दै, नागरिकपक्षमा नवीन आशा जगाएर अघि बढ्नुपर्ने समयमा कपोलकल्पित कारण देखाएर गठबन्धन भत्काउनु नियोजित देखिएको त छ नै प्रधानमन्त्रीको यो कदमले अन्योल र अस्थिरतालाई बढावा दिएको छ,' विज्ञप्तिमा छ, 'यो घटनालाई गम्भीर ढंगले लिँदै संसदमा प्रतिपक्षको भूमिका सशक्त र प्रभावकारी ढंगले निभाउने निर्णय गर्दछ ।'

एक नेताका अनुसार गठबन्धन टुटेको विषयमा सभापति देउवाले बैठकलाई जानकारी गराएका थिए । ब्रिफिङका क्रममा उनले कांग्रेस सशक्त प्रतिपक्षको भूमिकामा रहने बताएका थिए । 'गठबन्धनमा प्रचण्डजीबाट धोका भयो । यसबाट राजनीतिक अस्थिरता निम्तिएको छ । परिवर्तित समयमा कांग्रेस रचनात्मक प्रतिपक्षको आफ्नो भूमिकामा रहनेछ,' उनले बैठकमा भनेका थिए । उपसभापति धनराज गुरुङका अनुसार बैठकले प्रधानमन्त्री प्रचण्डको कारण गठबन्धन टुटेको निष्कर्ष निकालेको छ । साथै, कांग्रेसका कमजोरीका विषयमा पनि छलफल भएको उनको भनाइ छ ।

प्रवक्ता डा. प्रकाशशरण महतले गठबन्धन तोडिनुमा कांग्रेसका कमजोरीका रूपमा माओवादीले उल्लेख गरेका विषयमा सत्यता नरहेको निष्कर्ष निकालेको बताए । नेता अर्जुननरसिंह केसीले बैठकमा गठबन्धन जोगाउन प्रधानमन्त्री प्रतिबद्ध नभएको र कांग्रेसका कमजोरीका विषयमा समेत छलफल भएको बताए ।

संघीयतामा...

पृष्ठ १ बाट क्रमशः

देखिएको छ । सिडिओ नेपाल सरकारको प्रतिनिधिका रूपमा खटिने र शान्ति सुरक्षामा प्रदेश सरकारसँग समन्वय गरी प्रहरी परिचालन गर्ने ऐनको मस्यौदामा उल्लेख छ । 'जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामका लागि सुरक्षा निकायका जिल्लास्थित प्रमुखले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्नुपर्नेछ,' मस्यौदाको दफा १२ (६)मा भनिएको छ । अदालतबाहेकका जिल्लास्थित अन्य सरकारी कार्यालयले पनि सिडिओको रेखदेख र निर्देशनमा काम गर्नुपर्ने प्रस्ताव मस्यौदामा छ । जिल्लाका कतिपय कार्यालय प्रदेश सरकारअन्तर्गत छन् । प्रदेशका कार्यालयहरूको रेखदेख गर्ने अधिकार पनि सिडिओलाई नै दिन लागिएको छ ।

हुलदंगा हुन लागेमा तत्काले सिडिओले नेपाल प्रहरीलाई खटाउन सक्ने प्रावधान दफा १४ मा गरिएको छ । सो दफाको 'क'मा सिडिओले तत्काल प्रदेश प्रहरी खटाउने, 'ख'मा प्रदेश प्रहरीले मात्र नियन्त्रण गर्न नसकेमा नेपाल प्रहरी खटाउने र 'ग'मा नेपाल प्रहरी परिचालन गर्दासमेत नियन्त्रण नभएमा सशस्त्र प्रहरीलाई सिडिओले परिचालन गर्ने उल्लेख छ । साथै, गोली चलाउने आदेश दिने अधिकार पनि सिडिओलाई नै राखिएको छ ।

संघीय गृह मन्त्रालयले सीधै हस्तक्षेप गरेर कुनै जिल्लामा नेपाल प्रहरी खटाउन सकिने प्रावधान छ । दफा २६ मा भनिएको छ, 'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि कुनै जिल्लामा शान्ति सुरक्षा कायम गर्ने वा अपराध अनुसन्धान गर्ने कार्यमा तत्काल केही गुर्नपर्ने आवश्यकता देखिएकामा गृह मन्त्रालयको निर्देशनमा नेपाल प्रहरी परिचालन हुन सक्नेछ ।'

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसम्पादन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ मा भने कुनै प्रदेशमा गम्भीर अशान्ति भए प्रदेश सरकारले नेपाल सरकारलाई अनुरोध गर्न सक्ने व्यवस्था गरिएको छ । तर, संघ सरकार र प्रदेश सरकारबीच राम्रो सम्बन्ध नभएको अवस्थामा गम्भीर अशान्ति भएमा पनि संघमातहतको प्रहरीलाई अनुरोध नगर्न सक्ने तथा त्यस्तो अवस्थामा राष्ट्रिय सुरक्षा र अखण्डतामै जोखिम आउन सक्ने भएकाले स्थानीय प्रशासन ऐनमा केन्द्रले सीधै हस्तक्षेप गर्न सक्ने प्रावधान राखिएको गृहका एक अधिकारीले बताए ।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले कानुनलाई समयानुकूल बनाउन नयाँ ऐन ल्याउन लागिएको बताए । 'विद्यमान कानुनलाई समयानुकूल बनाउन लागिएको हो । मस्यौदामा राखिएका प्रावधान अहिले छलफलकै क्रममा रहेकाले अन्तिम नै होइनन्,' उनले भने ।

मन्त्रालयले तयार गरेको 'शान्ति सुरक्षा तथा स्थानीय प्रशासनसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक'को मस्यौदामा सिडिओका केही अधिकार थप गरिएका छन् । निजी सुरक्षा कम्पनीको कार्यसम्पादन, नगर प्रहरीसम्बन्धी नयाँ प्रावधान राखिएका छन् । मुद्दा हेर्ने अधिकार पनि कायमै छ । सिडिओ कार्यालयमा सबै कर्मचारी संघीय निजामती सेवाका रहने दफा १२ मा उल्लेख छ ।

कर्फ्यु लगाउने, निषेधित क्षेत्र तोक्न सक्ने, दंगामा पक्राउ परेका व्यक्तिलाई छाड्न सक्ने अधिकार सिडिओलाई नै छ । मादक पदार्थ सेवन गर्ने, ध्वनि प्रदूषण गर्नेलाई १० हजारसम्म जरिवाना गर्ने अधिकार सिडिओलाई छ । यस्तो अधिकार अहिले पनि छ । मुद्दा हेर्ने अधिकार पनि कायमै राखिएको छ ।

४५ करोड...

पृष्ठ १ बाट क्रमशः

भुक्तानीका लागि पनि पुग्दैन,' उनले भने, 'थप बजेट आएन भने चैतदेखि काम ठप्प हुने स्थिति छ ।'

बिल पेस भएको साढे दुई करोड रुपैयाँ भुक्तानी हुन बाँकी छ । धनगढी खण्डमा मात्र तीन किलोमिटर कालोपत्रे गरेको तीन करोड रुपैयाँको बिल पेस भएको छैन । विकास निर्माणका काम हुने मुख्य सिजनमै बजेट अभावले काम प्रभावित बन्दा आयोजनाको अवधि थप लम्बिन सक्ने बताइएको छ । 'अन्य खण्डमा पनि भएको कामको बिल पेस हुने क्रममा छ । सबै प्याकेजको बिल आए भुक्तानीका लागि बजेट पुग्दैन, बजेट भुक्तानी नभए निर्माण कम्पनीले काम रोक्छन्,' आयोजना प्रमुख हमालले भने, 'यसबारे केन्द्रमा जानकारी गराइसकेका छौं ।' काम रोकिने अवस्था आउन नदिन केन्द्रसँग थप ४५ करोड रुपैयाँ बजेट निकासाको माग गरिएको आयोजना कार्यालयले जनाएको छ ।

हलाकी राजमार्गअन्तर्गत कैलालीमा सडक र पुल गरी १७ वटा खण्ड तथा कञ्चनपुरमा ६ वटा खण्डमा छुट्टाछुट्टै ठेक्कामार्फत काम भइरहेको छ । कैलालीमा धनगढी क्याम्पस चोकदेखि टीकापुर सत्तीसम्म राजमार्गको ६९ किलोमिटरमध्ये करिब ५१ किलोमिटर सडक कालोपत्रेको काम भइरहेको छ । जसको लागत एक अर्ब ८३ करोड रुपैयाँ छ । यो सडकलाई पाँचवटा खण्डमा छुट्याएर काम भइरहेकोमा हालसम्म समग्र भौतिक प्रगति ६५ प्रतिशत रहेको आयोजना कार्यालयका इन्जिनियर बर्खबहादुर कठायतले जानकारी दिए ।

धनगढी क्षेत्रमा करिब १७ किलोमिटर सडक कालोपत्रे भइसकेको उनले बताए । ६९ किलोमिटरमध्ये कैलारी गाउँपालिकाको बसन्ता जैविक क्षेत्रमा करिब १८ किलोमिटर राजमार्ग यसअघि नै निर्माण सम्पन्न भइसकेको छ । हुलाकी राजमार्गकै 'लिंक रोड'का रूपमा पूर्व-पश्चिम राजमार्गको लम्कीदेखि सत्तीसम्मको २९.७ किलोमिटर सडक एक अर्ब १८ करोड रुपैयाँको लागतमा निर्माणाधीन छ । यसको तीनवटा प्याकेजमध्ये पहिलो प्याकेजको आठ किलोमिटर खण्ड कालोपत्रे पूरा भएको छ । दोस्रो र तेस्रो खण्डमा क्रमशः ४५ र २७ प्रतिशत भौतिक प्रगति रहेको इन्जिनियर कठायतले जानकारी दिए ।

'काम हुने वेला यही हो, तर अहिले नै बजेट अभाव भएको छ,' उनले भने, 'अहिले भइरहेको कामको भुक्तानी दिन सक्ने बजेट छैन । भुक्तानी नपाए निर्माण कम्पनीले काम रोक्छन् ।' हुलाकी राजमार्गअन्तर्गत कैलालीमा दुईवटा पुल र एक किलोमिटर तटबन्ध निर्माणको काम पनि भइरहेको छ ।

कञ्चनपुरमा तीनवटै सडकखण्ड अधुरा

दुवै जिल्लामा राजमार्ग निर्माणको काम सुस्त छ । कञ्चनपुरमा ६२ किलोमिटर हुलाकी राजमार्ग निर्माणको काम सात वर्षदेखि पूरा भएको छैन । हालसम्म साढे ३७ किलोमिटर मात्र कालोपत्रे भएको इन्जिनियर कठायतले जानकारी दिए । तीनवटा खण्डमध्ये कुनै पनि खण्डको काम पूर्ण रूपमा सम्पन्न भएको छैन । पहिलो खण्डमा राजमार्ग कालोपत्रे गरिए पनि शाखा सडकखण्ड कालोपत्रे गर्ने, ट्राफिक संकेत राख्नेलगायत काम अधुरै छन् । राजमार्गसँग जोडिएका शाखा सडक २० मिटरसम्म कालोपत्रे गर्ने स्टिमेट छ ।

दोस्रो खण्डको २० किलोमिटरमध्ये साढे नौ किलोमिटर र तेस्रो खण्डको साढे २२ किलोमिटरमध्ये साढे आठ किलोमिटर कालोपत्रे भएको आयोजना कार्यालयले जनाएको छ । एक अर्ब १६ करोड लागत रहेको कञ्चनपुरको समग्र भौतिक प्रगति ७१ प्रतिशत रहेको इन्जिनियर कठायतले बताए ।

निर्ध

प्रदेशमा परकम्प सुरु

गण्डकी र सुदूरपश्चिमका मुख्यमन्त्रीले बर्खास्त गरे माओवादीका मन्त्री, कर्णाली प्रदेश सरकारलाई कांग्रेसले दिएको समर्थन फिर्ता

गण्डकीमा सजिलो छैन अंकगणित

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले माओवादीबाट सरकारमा सहभागी दुई मन्त्रीलाई मंगलबार बर्खास्त गरेका छन् । गण्डकीमा मुख्यमन्त्रीसँगै कांग्रेसका पाँच र माओवादीका दुई गरी सात सदस्यीय मन्त्रिपरिषद् थियो ।

मुख्यमन्त्री पाण्डेले माओवादीका दुई मन्त्रीलाई बर्खास्त गरेसँगै गण्डकीका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मुख्यमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मंगलबार नै मन्त्रिपरिषद्मा कार्यविभाजन गरेका छन् । बर्खास्त भएका माओवादीका मन्त्रीहरूमा सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिंखडा र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली रहेका छन् । १४ वैशाख ०८० मा कांग्रेसका २९, माओवादीका सात र तत्कालीन स्वतन्त्र हाल एकीकृत समाजवादीका एक गरी ३७ जनाको समर्थनमा पाण्डे मुख्यमन्त्रीमा नियुक्त भएका थिए । मुख्यमन्त्री पाण्डेले १५ वैशाखमा सिंखडालाई विनाविभागिय मन्त्री नियुक्त गरेका थिए । त्यसपछि २ ९ वैशाखमा मन्त्रिपरिषद्लाई पूर्णता दिँदै माओवादीका सिंखडालाई सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको जिम्मेवारीसँगै जुग्जालीलाई भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री नियुक्त गरेका थिए ।

६० सदस्यीय गण्डकी प्रदेश सभामा बहुमतको सरकार गठनका लागि ३१ सदस्यको समर्थन आवश्यक हुन्छ । हाल गण्डकीमा कांग्रेसका २७, एमालेका २२, माओवादीका सभामुखसहित आठ, राप्रपाका दुई र एकीकृत समाजवादीका एक सदस्य छन् । केन्द्रमा सोमबार बनेको नयाँ गठबन्धनभित्र राष्ट्रिय प्रजातन्त्र पार्टी छैन । नयाँ गठबन्धनभित्रैका दलको नेतृत्वमा सरकार गठन गर्ने हो भने राप्रपाको समर्थनविना असम्भव छ । सरकार गठनका लागि सभामुखले मत दिन नपाउने हुँदा एमालेका २२ र माओवादीका सात गरी २९ जनाले मात्र मत दिन पाउँछन् । बहुमतको सरकार गठनका लागि थप दुई मत आवश्यक पर्छ । जुन मत राप्रपासँग छ ।

राप्रपालाई साथ नलिने भए नयाँ गठबन्धनले प्रदेश सभाको ठूलो दल कांग्रेससँग मिल्नुपर्ने हुन्छ, जुन असम्भव छ । नयाँ गठबन्धनको नेतृत्वमा नयाँ सरकार गठनका लागि निर्णायक मत रहेको राप्रपाले भने सरकार फेरबदलको विषयमा तुरुन्तै गहिरिएर, चासो लिएर केही पनि नसोचेको जनाएको छ । राप्रपा दलका नेता पञ्चराम गुरुङले पार्टीले अहिले नै सरकारमा जाने कुरालाई प्राथमिकता नदिएको बताए । हालको समस्या भनेको सत्ता फेरबदल नभई देशको अवस्था परिवर्तन रहेको उनी बताउँछन् । जसका लागि पार्टीले आन्दोलन घोषणा गरिसके को छ । तैपनि सरकारका विषयमा केन्द्रले जे निर्णय र निर्देशन दिन्छ सोहीअनुसार अघि बढ्ने भनाइ उनको छ ।

■ प्रदेशमा नयाँ गठबन्धनको यस्तो अंकगणित

सुदूरपश्चिम

कुल ५३, आवश्यक : २८,
गठबन्धन : २१ (माओवादी ११, एमाले १०), कांग्रेस १९, नागरिक उन्मुक्ति ७, एकीकृत समाजवादी ४, राप्रपा १, स्वतन्त्र १

कर्णाली

कुल ४०, आवश्यक : २१
गठबन्धन : २३ (माओवादी १३, एमाले १०), कांग्रेस १४, एकीकृत समाजवादी १, राप्रपा १, स्वतन्त्र १

लुम्बिनी

कुल ८६, आवश्यक : ४४
गठबन्धन : ४२ (एमाले २९, माओवादी १०, जसपा ३), कांग्रेस २७, नागरिक उन्मुक्ति पार्टी ४, राप्रपा ४, लोसपा ३, जनमत ३, एकीकृत समाजवादी १, जनमोर्चा १, स्वतन्त्र १)

गण्डकी

कुल ६०, आवश्यक : ३१
गठबन्धन ३० (एमाले २२, माओवादी ८), कांग्रेस २७, राप्रपा २, एकीकृत समाजवादी १, स्वतन्त्र १

बागमती

कुल ११०, आवश्यक : ५६
गठबन्धन : ४८ (एमाले २७, माओवादी २१), कांग्रेस ३७, राप्रपा १३, एकीकृत समाजवादी ७, हाम्रो नेपाली पार्टी २, नेमकिपा ३

मधेश

कुल १०७, आवश्यक : ५४
गठबन्धन : ४७ (एमाले २३, जसपा १६, माओवादी ८), कांग्रेस २२, लोसपा ९, जनमत १३, समाजवादी ७, स्वतन्त्र ६, राप्रपा १, संघीय समाजवादी १, नागरिक उन्मुक्ति १

कोशीमा संवैधानिक जटिलता

संविधानको धारा १६८ को उपधारा ५ अनुसार सरकार बनेकाले कोशीमा तत्काल सरकार परिवर्तनको सम्भावना कम छ । कथमकदाचित कांग्रेस नेतृत्वको सरकार विघटन हुने अवस्था आए प्रदेश मध्यवधितिर उन्मुख हुनेछ । हालको प्रदेशसभाको ९३ सिटमा एमाले ४०, कांग्रेस २९, माओवादी १३, राप्रपा ६, एकीकृत समाजवादी ४, जसपा १ छ ।

समर्थन फिर्ता लिँदै कर्णालीमा तीन मन्त्रीको राजीनामा



पत्रकार सम्मेलन आयोजना गरी सरकारलाई दिएको समर्थन फिर्ता गर्दै कांग्रेसका मन्त्रीहरू ।

कांग्रेसले कर्णाली प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । माओवादीबाट मुख्यमन्त्री बनेका राजकुमार शर्मालाई दिएको समर्थन फिर्ता लिँदै तीनजना मन्त्रीले मंगलबार राजीनामा दिएका हुन् । कांग्रेसबाट आर्थिक मामिला तथा योजनामा वेदबहादुर सिंह, सामाजिक विकासमा खड्गबहादुर पोखेल र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा कृष्णकुमार बिसी मन्त्री बनेका थिए । केन्द्रमा सत्तासमीकरण बदलिएसँगै कर्णालीमा पनि राजीनामा दिएको आर्थिक मामिला तथा योजनामन्त्री वेदबहादुर सिंहले बताए । उनीहरूले मंगलबार दिउँसो पत्रकार सम्मेलन गरी राजीनामाको जानकारी दिए । उनीहरू गत वैशाखमा मात्रै मन्त्री बनेका थिए ।

सुदूरपश्चिममा बहुमत कायम राख्ने मुख्यमन्त्रीको प्रयास

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश सरकारमा रहेका माओवादी केन्द्रका दुई मन्त्री र एक राज्यमन्त्रीलाई पदमुक्त गरेका छन् । मुख्यमन्त्री शाहले सामाजिक विकासमन्त्री झपटबहादुर साउद, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामी र सोही मन्त्रालयको राज्यमन्त्री गीतादेवी माललाई पदबाट हटाएका हुन् ।

दुवै मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले लिएका छन् । राष्ट्रिय राजनीतिमा नयाँ परिस्थिति बनेपछि प्रदेशमा मन्त्रिमण्डल हेरफेर गरेको मुख्यमन्त्री शाहले बताएका छन् । एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीका मन्त्रीलाई भने मुख्यमन्त्रीले चलाएका छैनन् । सरकारमा नागरिक उन्मुक्तिबाट एक मन्त्री, एक राज्यमन्त्री र एकीकृत समाजवादीबाट एक मन्त्री छन् । यसबारे दुवै दलले निर्णय गरिनसकेकाले सरकार अल्पमतमा परिसकेको छैन । दुईमध्ये एक दलले समर्थन फिर्ता लिए मुख्यमन्त्री शाह अल्पमतमा पर्नेछन् ।

एकीकृत समाजवादीले समर्थन फिर्ता लिएर नागरिक उन्मुक्तिले मात्र समर्थन कायम राखे बहुमत गुम्न नदिन मुख्यमन्त्रीले एक सांसद रहेको राप्रपा र स्वतन्त्र सांसदको समर्थन जुटाउनुपर्नेछ । सोमबार बसेको एकीकृत समाजवादीको संसदीय दलको बैठकले पार्टी केन्द्रले गर्ने निर्णयअनुसार प्रदेशमा अगाडि बढ्ने निर्णय गरेको छ । प्रदेश सरकार फेरबदलमा नागरिक उन्मुक्ति निर्णायक छ । नागरिक उन्मुक्तिले समर्थन फिर्ता लिए सरकारको पक्षमा बहुमत पुग्ने अवस्था छैन । नयाँ गठबन्धनप्रति सकारात्मक देखिएको उसले गठबन्धनमा सहभागिताबारे औपचारिक निर्णय गरिसकेको छैन । नागरिक उन्मुक्तिले यहाँ मुख्यमन्त्री दाबी गरेको छ । मुख्यमन्त्री शाहले नागरिक उन्मुक्तिको समर्थन कायम राख्न प्रयास थालेका छन् । सरकारको बहुमत कायम राख्न सरकारमा रहेका दलहरूसँग छलफल गरिरहेको उनले बताएका छन् ।

नागरिक उन्मुक्तिले मुख्यमन्त्री दाबी गरेको बारे सोधिएको प्रश्नमा मुख्यमन्त्री शाहले भने, 'सबै विकल्प खुला राखेका छौं । जस्तो किसिमको सहमति गर्न पनि कांग्रेस तयार छ ।' पार्टीमा छलफलका लागि नागरिक उन्मुक्तिका सांसद काठमाडौं पुगेका छन् । नागरिक उन्मुक्तिबाट भूमि, व्यवस्था, कृषि तथा सहकारीमन्त्री रामेश्वर चौधरीले सरकारको सन्दर्भमा आफूहरू छलफलमै रहेको बताएका छन् । 'नयाँ गठबन्धनको सन्दर्भमा निर्णय भइसकेको छैन, छलफलमै छौं,' उनले भने ।

मुख्यमन्त्रीले सरकारबाट आफ्ना मन्त्री हटाएपछि माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारी गरेको छ । माओवादी संसदीय दलका नेता मानबहादुर धामीले समर्थन फिर्ता लिने तयारी रहेको बताए । उनले प्रदेशमा सरकार गठनका सन्दर्भमा केन्द्रको निर्णय पर्खिरहेको बताए ।

बागमतीमा गठबन्धन र कांग्रेसको छुट्टाछुट्टै गृहकार्य

संघमा माओवादी, एमाले, रास्वपा र जसपाको नयाँ समीकरण बनेसँगै प्रदेशमा पनि फेरबदल भइरहेको छ । तर, माओवादी नेता शालिकराम जम्कट्टेल नेतृत्वको बागमती सरकार यथावत् छ । यहाँ कांग्रेस र एकीकृत समाजवादी सरकारमा रहे पनि नयाँ बनेको गठबन्धनलाई बहुमत नपुग्ने भएकाले जम्कट्टेलले कुनै कदम चालेका छैनन् ।

गठबन्धनबाहिरका दलबीच समीकरण बनाएर सरकार गठनका लागि ५६ सांसद पुऱ्याउन सकिने देखिएकाले कांग्रेस पनि पर्ख र हेरको स्थितिमा छ । मुख्यमन्त्री जम्कट्टेल काठमाडौं पुगेका छन् भने कांग्रेस बागमतीका संसदीय दलका नेता एवं प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह लामा युरोप भ्रमणमा छन् । 'म त कांग्रेसको नेतृत्वमा प्रदेश सरकार बन्ने अवस्था देख्दै छु । माओवादी र एमालेसँग बहुमत पुऱ्याउन पर्याप्त सिट छैन । संसदीय दलका नेता आएपछि सरकार निर्माणको गृहकार्य थाल्छौं,' कांग्रेस संसदीय दलका उपनेता एवं मन्त्री रामकृष्ण चित्रकारले बताए । बागमती सरकारमा कांग्रेसका ६ मन्त्री छन् । एक सय १० सदस्यीय प्रदेश सभामा सरकार बनाउन ५६ सांसदको समर्थन आवश्यक पर्छ । एमालेका २७ र माओवादीका २१ गरी ४८ सांसद् मात्रै छन् । नयाँ गठबन्धनलाई सरकार बनाउन थप आठ मत चाहिन्छ । एकीकृत समाजवादीका सात र हाम्रो नेपाली पार्टीका दुई सांसदको समर्थनबाट मात्रै माओवादी-एमालेको सरकार बन्छ । १३ सिट रहेको राप्रपा भने गठबन्धनमा सहभागी नहुने बताइसकेकाले कांग्रेसले कसरत थालेको हो । नयाँ गठबन्धनबाहेक कांग्रेस, एकीकृत समाजवादी र राप्रपा एक ठाउँमा उभिएमा सरकार बन्न सक्ने स्थिति छ ।

■ कास्कीमा **रोहितराज पराजुली**, धनगढीमा **तेजराज भट्ट**, मकवानपुरमा **पोष्टराज अधिकारी** र सुर्खेतमा **रमेश रावल**

महिलाका मुद्दामा सशक्त ढंगले कलम चलाउन जोड


काठमाडौं/ पत्रकारिता तथा आमसञ्चार क्षेत्रका अग्रजहरूले महिलाका मुद्दामा सशक्त ढंगले कलम चलाउनुपर्नेमा जोड दिएका छन् । ११४औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा नेपाल पत्रकार महासंघ, केन्द्रीय महिला विभागद्वारा मंगलबार आयोजित 'लैंगिकताका सवालमा नेपाली मिडिया विषयक' अन्तर्क्रियामा महिलाका हकअधिकार सुनिश्चित गर्न सञ्चारकर्मीले काम गर्नुपर्नेमा उनीहरूले जोड दिएका हुन् ।

महासंघका सल्लाहकार निर्मला शर्माले लैंगिकताका सवाल सहभागिता र विषयवस्तुका आधारमा विश्लेषण गर्नुपर्ने बताउँदै महिलाले नेतृत्वदायी भूमिका निर्वाह गर्न महिलामा दक्षता तथा क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिइन् । 'संख्यात्मक रूपमा महिलाको सहभागिता अभिवृद्धि हुने क्रम रहे पनि सहभागितासँगै नेतृत्वदायी भूमिका निर्वाह गर्न महिलाले आफ्नो क्षमता विकासमा जोड दिनुपर्छ,' उनले भनिन्, 'महिला स्वयं सञ्चार क्षेत्रमा रहिरहँदा लैंगिकताका सवाल उठान गर्नमा महत्त्वपूर्ण भूमिका रहन्छ ।'

हिमालय टाइम्सका पूर्वसम्पादक पुरुषोत्तम दाहालले महिलामाथि हुने हिंसा रोक्न गर्न सबै पक्षले ऐक्यबद्धता जनाउनुपर्नेमा जोड दिए । उनले महिला मात्र नभई पुरुषलाई पनि सचेत गराउनुपर्ने बताए । सञ्चार जगत्लाई व्यावसायिक, मर्यादित बनाउन दिगो योजना चाहिने उनले बताए । सञ्चारकर्मी कल्पना शर्माले मिडिया क्षेत्रमा आबद्ध महिलाको अवस्थाबारे गहिरो विश्लेषण गर्न जरुरी भएको बताइन् । आफ्नो क्षमताअनुरूप अधिकार प्राप्तिको लडाइँमा पछि हट्न नहुने उनको भनाइ थियो ।

आफ्ना सांसदलाई माओवादीको अभिलेखबाट हटाइदिन बाबुरामको पत्र

काठमाडौं/ पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा)ले आफ्ना दुई सांसदलाई माओवादी पार्टीको अभिलेखबाट हटाइदिन निर्वाचन आयोग र संसद् सचिवालयलाई पत्र पठाएको छ । नेसपाले माओवादीको चुनाव चिह्न लिएर निर्वाचित जनप्रतिनिधिलाई आफ्नै दलको अभिलेखमा राखिदिन अनुरोध गर्दै आयोग र संसद् सचिवालयलाई पत्राचार गरेको हो ।



माओवादीको चुनाव चिह्न हँसिया हथौडा लिएर नेसपाका महिन्द्र राय यादव सर्लाही- ३ बाट निर्वाचित सांसद हुन् भने उमरावती देवी बारा- २ बाट समानुपातिक सांसद हुन् । माओवादी र नेसपाबीच ४ मंसिर ०७९ को निर्वाचनमा तालमेल भई हँसिया हथौडा चुनाव चिह्नमा चुनाव लड्ने सहमति भएको थियो । सहमतिअनुसार हँसिया हथौडा चिह्नबाट चुनाव लडेर प्रतिनिधिसभामा यादव र देवी निर्वाचित भए भने प्रदेश सभातर्फ बागमतीको सिन्धुली २ (२) बाट गंगानारायण श्रेष्ठ र गोरखा २ (२) बाट फणीन्द्र देवकोटा निर्वाचित भएका थिए ।

आयोगका कानुनसचिव यज्ञ भट्टराईले निर्वाचित सांसद समाजवादीको कायम गरिपाऊँ भन्ने खालको निवेदन केही समयअघि आएको र निर्णय भइनसकेको बताए । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले पनि अभिलेखीकरण सम्बन्धमा नेसपाको पत्र प्राप्त भएको बताए । 'आफ्नो सदस्यलाई उक्त पार्टीबाट प्रतिनिधित्व गरेको व्यहोरा अभिलेखीकरण गरिदिने भनेर पत्र आएको छ । निर्णय केही भएको छैन, निर्णय प्रक्रियामा छ,' उनले भने । हँसिया हथौडा चुनाव चिह्नबाट निर्वाचित नेसपाका दुईसहित प्रतिनिधिसभामा माओवादी केन्द्रका ३२ सांसद छन् ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
महाबौद्ध स्थित अचल सम्पत्ति बिक्री गर्ने सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको २१ (एक्काईस) दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०२
दोस्रो पटक प्रकाशित मिति : २०८०/११/२३

यस बैंकको स्वामित्वमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्ति (घर जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले उक्त अचल सम्पत्ति (घर जग्गा) खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुबाट निम्न लिखित शर्त, बन्देजको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ ।

तपशिल

क्र.स.	घर जग्गाको विवरण
१.	काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं २४, महाबौद्ध, सिट नं. २४ को कि. नं क्रमशः ७४९, ७५१ को क्षेत्रफल क्रमशः ०-१-३-१, ०-०-३-३ को जग्गा र सो जग्गामा बनेको करिब ७,९५४ वर्ग फिटको भवन तथा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

शर्त/बन्देजहरुः

१. बोलपत्र फारम दस्तुर रु २,०००/- (अक्षरुपि दुई हजार मात्र) (फिर्ता नहुने गरी) तिरी यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आवश्यक सबै विवरणहरु स्पष्ट बुझिने गरी भर्नुपर्ने छ । केरमेट भएको ठाउँमा अनिवार्य रुपमा दस्तखत गर्नुपर्ने छ । कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरिएको बोलपत्रलाई मान्यता नदिन पनि सकिनेछ ।
३. बोलपत्रदाताले बैंकबाट बिक्री हुने सम्पत्ति निरीक्षण गरी जे जस्तो अवस्था र परिमाणमा रहेको छ सोहि अवस्थामा सकार गर्नुपर्ने छ ।
४. बोलपत्रदाताले आफुले कबुल गरेको कुल मुल्यको ५% (पाँच) प्रतिशतले हुने रकम नगद धरौटी जम्मा गरेर वा बीड बण्ड संलग्न गरेर बोलपत्र पेश गर्न सकिनेछ ।
नगद धरौटी राख्ने बोलपत्रदाताले यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
बीड बण्ड मार्फत बोलकबोल गर्ने बोलपत्रदाताहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको नाममा जारी गरिएको कम्तीमा ९० दिनको समयावधि कायम भएको बीड बण्ड गोप्य शिलबन्दी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
५. बोलपत्र फारममा आफुले पेश गरेको दररेट अंक एवं अक्षर दुवैमा स्पष्ट रुपमा बुझिने गरी लेख्नुपर्ने छ ।
६. बोलपत्र प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय सामान्य सेवा विभागमा दर्ता भइसकेको हुनुपर्ने छ ।
७. प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन मिति २०८०/१२/१४ गते दिनको ११:०० बजे बैंकको काठमाडौं, नारायणहिटिपथ स्थित केन्द्रीय कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । सो दिन बैंकमा बिदा परेमा त्यसको लगत्तै बैंकको कार्यालय खुलेको दिन उपरोक्त समयमा प्राप्त बोलपत्रहरु खोलिने छ ।
८. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ ।
९. बैंकले कुनै कारण बस अचल सम्पत्ति बिक्री गर्नु नपर्ने भएमा कुनै कारण जनाई वा नजनाई सम्पूर्ण बोलपत्रहरु रद्द वा अस्वीकृत गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०. बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको सक्कल बोलपत्र फाराम नै बैंकमा पेश गर्नुपर्ने छ । फोटोकपी गरी पेश गरेको बोलपत्र मान्य हुने छैन । बोलपत्र फारामको प्रत्येक पेजको शिर तथा पुछारमा बोलपत्रदाताले अनिवार्य रुपमा सही गरि संघ संस्था, फर्म तथा कम्पनीको हकमा छाप समेत लगाएको हुनुपर्ने छ ।
११. बोलपत्र फारम रितपूर्वक भरी खामबन्दी लाहा छाप गरी खामको बाहिर पट्टी स्पष्ट शब्दमा "सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड को अचल सम्पत्ति खरिदको गोप्य शिलबन्दी बोलपत्र" भन्ने व्यहोरा प्रष्ट रुपमा उल्लेख गरि बोलपत्रदाताले सहीछाप गरिएको हुनुपर्नेछ ।
१२. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र संघ संस्था, फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्र, आ.ब. २०७९/८० को कर चुक्ताको प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा, घरजग्गा खरिद गर्ने प्रयोजनको लागि बोलपत्र पेश गर्ने तथा सो कार्यको लागि अख्तियारी दिईएको निर्णय सहितको प्रति समेत स्वयंले प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।
१३. रित नपुगेका तथा म्याद भित्र यस बैंकको काठमाण्डौं, नारायणहिटी पथ स्थित केन्द्रीय कार्यालयमा दाखिला नभएका बोलपत्रहरु स्वतः रद्ध हुनेछन् । साथै बैंकमा दर्ता भईसकेको बोलपत्र फिर्ता हुने छैन ।
१४. बोलपत्र स्वीकृत भएको खण्डमा स्वीकृतिको जानकारी प्राप्त गरेको मितिले १५ (पन्ध्र) दिन भित्र कबुल गरेको रकमको बाँकी रकम यस कार्यालयको नाममा जम्मा गर्नुपर्ने छ ।
१५. स्वीकृत बोलपत्र अनुसार खरिदकर्ताले घरजग्गा आफ्नो नाममा नामसारी गर्दा नियमानुसार लाग्ने रजिष्ट्रेसन दस्तुर र अन्य कर तथा शुल्कहरु खरिदकर्ताले नै तिर्नु बुझाउनु पर्ने छ ।
१६. घर जग्गा खरिद गर्न कबुल गरेका बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ (पन्ध्र) दिन भित्र कबुल गरेको रकम यस बैंकमा जम्मा नगरेमा बोलपत्र स्वीकृत गरिएको निर्णय रद्द गरी धरौटी बापत राखेको रकम यस कार्यालयले जफत गरि आम्दानी जनाउने छ ।
१७. अस्वीकृत बोलपत्रहरुको धरौटी रकम निर्णय भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यलयबाट फिर्ता दिईनेछ ।
१८. अन्य थप जानकारी आवश्यक भएमा तल उल्लेखित ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

गोप्य शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/१२/१३ (कार्यालय समय सम्म)
गोप्य शिलबन्दी बोलपत्र खोलिने मिति : २०८०/१२/१४
समय : दिनको ११:०० बजे
स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ, काठमाडौं ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७००४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

■ सडकै नभएको ठाउँमा पुल निर्माण

सचिवसहितका कर्मचारीलाई भ्रष्टाचारमा सफाइ

नयाँ पत्रिका

सडक नै नभएको खोलामा पक्की पुल बनाएर सरकारी सम्पत्ति दुरुपयोग गरेको भ्रष्टाचार मुद्दामा गण्डकी प्रदेशका मन्त्रालय सचिव तथा उपसचिवसरहका दुई कर्मचारीले सफाइ पाएका छन् । एक वर्षअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा विशेष अदालतले मंगलबार फैसला सुनाउँदै सफाइ दिने फैसला गरेको हो ।

भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात मन्त्रालयका तत्कालीन सचिव ईश्वरचन्द्र मरहट्ठा, प्रदेश सडक निर्देशनालयका तत्कालीन निमित्त निर्देशक रामकुमार श्रेष्ठ र पूर्वाधार विकास कार्यालयका सिनियर डिभिजनल इन्जिनियर ओमराज ढुंगानाले सफाइ पाएका हुन् । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले सफाइ दिएको थियो ।

गोरखा नगरपालिका- ३ र सिरानचोक गाउँपालिका- ५ जोड्ने जरेवरस्थित दर्रौंदी खोलामा बनेको ५० मिटर लामो पक्की पुल निर्माणमा अनियमितता भएको अख्तियारको अभियोग थियो । कहींकतैबाट सडकले नछोएको ठाउँमा पाँच करोड ३९ लाख ८१ हजार रुपैयाँ लागतमा पक्की पुल निर्माण भएको थियो । औचित्यहीन पुल निर्माणले राज्यको सम्पत्तिको चरम दुरुपयोग भएको भन्दै अख्तियारले मुद्दा दायर गरेको थियो ।

परामर्शदातासँग सम्झौतामा हुँदै नभएको कार्यक्रम विद्यमान कानुनविपरीत थप गर्ने, पुलको स्थान र नाम परिवर्तन गर्ने, पुल डिजाइन गराउन स्वीकृत गरिएको अख्तियारको अभियोग थियो । कर्मचारीले भने सडक पनि योजनामा रहेको, तर काममा ढिलाइ भएको दाबी गरेका थिए । अख्तियारले भने बदनियतपूर्वक गुरुयोजना, ग्रामीण सडक, सहरी सडक वा कुनै रणनीतिक सडकमा समेत नपर्ने काल्पनिक सडकको नाम दिई पुलको डिजाइन गराएर भुक्तानीसमेत दिएको अभियोग लगाएको थियो । तत्कालीन प्रदेश पूर्वाधारमन्त्री रामशरण बस्नेतले आफ्नो क्षेत्रमा सडक बन्नुभन्दा पहिले नै पुल बनाएका थिए ।

दार्चुलाको शैल्यशिखर नगरपालिकामा सडक निर्माणमा अनियमितासम्बन्धी मुद्दामा पनि सातजनाले सफाइ पाएका छन् । नगरपालिकाका निमित्त प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर विष्ट, इन्जिनियर सन्तोष पाण्डे, राजेन्द्रसिंह धामी, सबइन्जिनियर दीपकसिंह विष्ट, उपभोक्ता समितिका अध्यक्ष जनकराज जोशी, सचिव धनन्वय जोशी र कोषाध्यक्ष जानकी बडू जोशीले सफाइ पाएका हुन् । उनीहरूविरुद्ध २६ लाख दुई हजार बिगो कायम गरी गत ११ साउनमा विशेष अदालतमा मुद्दा दायर भएको थियो ।

जुम्लाको तिला गाउँपालिकामा पार्क निर्माणमा भ्रष्टाचारसम्बन्धी मुद्दामा भने अदालतले कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीलाई दोषी ठहर गरेको थियो । गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत हरिश्चन्द्र नेपाली सार्की, इन्जिनियर जनक रोकाय, सब-इन्जिनियर प्रेमबहादुर बस्नेत र पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष नन्दबहादुर बुढा, सचिव अर्जुन बुढा र कोषाध्यक्ष दिलधरा दमाईं दोषी ठहर भएका हुन् । फिल्डमा भएभन्दा धेरै काम देखाई पाँच लाख ४५ हजार भ्रष्टाचार गरेको अभियोग उनीहरूमाथि थियो ।

■ दुई पूर्वमेयरलाई सफाइ

छुट्टाछुट्टै भ्रष्टाचार मुद्दामा दुई पूर्वमेयरले सफाइ पाएका छन् । स्याङ्जाको गल्याङ नगरपालिकाका तत्कालीन मेयर भूपराज अधिकारी तथा बोदेबर्साइनका तत्कालीन मेयर आतेशकुमार सिंहले मंगलबार विशेष अदालतबाट सफाइ पाएका हुन् ।

अदुवा खरिदसम्बन्धी भ्रष्टाचार मुद्दामा स्याङ्जाको गल्याङ नगरपालिकाका तत्कालीन मेयरसहित ६ जनाले सफाइ पाएका हुन् । तत्कालीन मेयर अधिकारी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत ईश्वरीप्रसाद पाण्डे, तत्कालीन बाली विकास अधिकृत अरविन्दमणि त्रिपाठी, तत्कालीन लेखापाल राजेन्द्र रेग्मी र तत्कालीन खरिदार सन्तोष कोइरालाले मंगलबार विशेष अदालतबाट सफाइ पाएका हुन् । उनीहरूविरुद्ध एक करोड ९७ लाख बिगो कायम गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत वर्ष मुद्दा दायर गरेको थियो । स्पेसिफिकेसनमा उल्लिखित कागजातहरूको परीक्षण नै नगरी गुणस्तरहीन अदुवाको बिउ गानो खरिद गरी भुक्तानी दिइएको अख्तियारको अभियोग थियो । साथै, अदुवाको बिउ आपूर्तिकर्ता स्पुक ट्रेडर्स प्रालि र उक्त प्रालिका अख्तियार प्राप्त प्रतिनिधि शिवप्रसाद न्यौपानेलाई पनि प्रतिवादी बनाइएकोमा उनले पनि सफाइ पाएका छन् ।

सप्तरीको बोदेबर्साइन नगरपालिकाका पूर्वप्रमुखसहित आठजनाले प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनामा भ्रष्टाचार गरेको मुद्दामा सफाइ पाएका हुन् । तत्कालीन मेयर सिंह, वडा नम्बर ४ का तत्कालीन वडाध्यक्ष रामानन्द चौधरी, नगर कार्यपालिकाका सदस्य श्रीप्रसाद भगतले सफाइ पाएका हुन् । त्यस्तै, निमित्त प्रशासकीय अधिकृत घनश्याम यादव, लेखापाल सरोजकुमार मण्डल, पशु विकास अधिकृत अर्जुनप्रसाद यादव र कृषक समूहका अध्यक्ष राधेश्यामकुमार साह र कोषाध्यक्ष नीलमकुमारी शर्माले सफाइ पाएका हुन् । नक्कली बिल बनाई १४ लाख ७१ हजार भ्रष्टाचार

लोकतन्त्रमा पनि परम्पराकै निरन्तरता

आन्दोलन तथा संघर्षको जगबाट जन्मेका राजनीतिक दलभित्रै पनि नवसामन्त बन्ने र बनाउने होडबाजी चलेको छ



● राजेश विद्रोही

अग्रलेख

लोकतन्त्र प्राप्तिपछि पनि हाम्रो नेपाली समाजले परम्परालाई नै पछ्याइरहेको छ । यो अवस्थामा सुधार हुन समय लाग्ने देखिँदै छ । किनभने, यसलाई छिटो व्यवस्थापन गर्ने शक्ति स्वदेशमा छैन, दिनानुदिन विदेश पलायनको अवस्थामा छ । कि त अकर्मण्यतामा फसेका छन् र पुरानै शक्तिका पछि लम्पसार छन् । नयाँ व्यवस्था प्राप्तिको केही दशक जो स्वाभाविक हुन्छ, देखिन्छ । यसले केही समय यथास्थितिलाई निरन्तरता दिने र घिसार्नेछ । र, आफ्नो अन्तिम शक्तिमा बाँच्ने प्रयत्न गर्नेछ । एकले अर्काको अस्तित्व स्विकार्नेछैन । यसलाई बदल्न समय लाग्छ । यसो हुन्छ, त्यसो हुन्छ भनेर हामी बन्द कोठाभित्र बसेर समय पर्खिने र भजनमण्डली बन्ने होइन । गतिशीलतालाई पछ्याउनुपर्छ । र, गतिशीलता प्रदान गर्न सक्नुपर्छ ।

यस्तो संक्रमणकालीन स्थितिमा रहेको यथास्थितिमा समाजले नयाँ युवा पुस्ताको नेतृत्व स्विकार्न सक्दैन । पुरानो हुँदाहुँदै आफूभन्दा माथिल्लो कुर्सीमा नयाँलाई पुच्याउँदा अपमानित बोध गर्छन् । चुनावी परिणामको दुष्परिणाम एउटा यो पनि हो । समाजको यथास्थितिलाई पुरानोले राम्रोसँग चलाउँछन्, नयाँले बिगार्छन्, भत्काउँछन्, कमजोर पार्छन्, सकाउँछन् भनेर अन्धविश्वास छ । केही गर्छन् भने पाकाले नै गर्छन् भन्ने भ्रम छ । आजसम्म पुरानाले बिगारेको र बिगार्दै आएको देख्दैन । गलत गरेको आँखाले देखे पनि आलोचना भने गर्छन् तर निर्णायक मत फेरि उसैलाई दिन्छन् । यो मनोविज्ञान सहरमा भन्दा गाउँघरमा धेरै छ । त्यसैले, नयाँलाई भन्दा पाकोलाई कुनै पनि जिम्मेवारी सुम्पिने जबर्जस्त प्रभाव छ । यिनै यथास्थितिवादी सोच, चिन्तन र प्रवृत्तिले नयाँ विचारलाई उक्सिन दिएको छैन र अझै दिँदैन पनि । धेरैले पुरानै नेतृत्वमा आफ्नो भविष्य देख्छन् । तर, सहरमा थोरै भए पनि फरक प्रभाव छ । नयाँलाई अवसर दिने र पुरानोलाई सम्मान गर्ने प्रयास गरेको वेलाबखत देखिन्छ ।

नेपाल लामो समयदेखि निरंकुश व्यवस्था झेलेर आएको राज्य हो । राणा र राजा शासनको मात्र करिब अढाई सय वर्षको एकात्मक केन्द्रीकृत निरंकुश र सामन्ती राज्य व्यवस्थाको भारी बोकेको इतिहास छ । लोकतन्त्रको अभ्यास भएको लामो समय भएको छैन । निरंकुश शासन व्यवस्थाको 'ह्यांगओभर' अझै व्याप्त छ । मालिक खोज्ने प्रवृत्ति उस्तै छ । एकजना मालिक बनाउन पाए खुसी र आनन्दको अनुभूति गर्ने मनोविज्ञान छ । लोकतन्त्रमा आफू मालिक बन्न अग्रसर हुनुपर्नेमा दास बन्ने होडबाजी छ । नयाँ पुस्तामा पनि दलाली, चाकरी, चाप्लुसी गर्ने र दास बन्ने मनोवृत्ति व्याप्त छ । लोकतन्त्रले सबै वर्ग, जाति, क्षेत्र, लिंग र समुदायलाई समान पहुँच र अवसर प्रदान गर्नुपर्थ्यो । राज्य व्यवस्थाको चरित्र र राजनीतिक दलको व्यवहार नयाँ व्यवस्थाको मर्म र भावनाअनुकूल अघि बढ्न सक्नुपर्थ्यो । तर, दलभित्रै दलाली प्रवृत्ति मौलाएको छ । वर्गउत्थानवादी प्रवृत्तिले राजनीति बदनाम छ । जो राणा र राजाशासनकालको भन्दा फरक छैन । आन्दोलन तथा संघर्षको जगबाट जति पनि राजनीतिक दल जन्मिए, पछिल्लो चरणमा उनीहरूभित्रै नवसामन्त बन्ने र बनाउने होडबाजी चलेको छ । गाउँघरमा रहेका पुराना दलाल सामन्तीलाई संरक्षण दिने कार्यमा उनीहरूको राजनीति लिप्त छ । नयाँ र पुरानो राजनीतिक अभ्यासमा तात्विक भिन्नता देखिँदैन । मुलुकमा पटक-पटक व्यवस्था फेरियो, तर अवस्था भने फेरिएको छैन । सबैतिर पुरानै सोच, चिन्तन, शैली र प्रवृत्तिको रजगज छ । राज्य भने उदासीनता र अनिर्णयको बन्दी हुँदै आएको छ ।

नेपाली कांग्रेसको ७३ वर्षे प्रजातान्त्रिक अभ्यास, नेकपा एमालेको ३४ वर्षे सर्वहारावर्गीय कम्युनिस्ट अभ्यास, माओवादी र मधेसवादीलगायत दलको १६ वर्षे संघीय लोकतान्त्रिक गणतन्त्रको संसदीय अभ्यासलाई हेर्दा उनीहरूबीच कुनै राजनीतिक अन्तर देखिँदैन । जनता मात्र भ्रममा छन् । जब कि उनीहरूको लक्ष्य एउटै थियो, नागरिकलाई आधारभूत आवश्यकता र जनजीविकाको प्रत्याभूति गराउने ।



मुलुकमा पटक-पटक व्यवस्था फेरियो, तर अवस्था भने फेरिएको छैन । सबैतिर पुरानै सोच, चिन्तन, शैली र प्रवृत्तिको रजगज छ । राज्य भने उदासीनता र अनिर्णयको बन्दी हुँदै आएको छ ।

तर, संसदीय लोकतन्त्रको अभ्यास भएको सात दशकमा जनताका एउटा पनि आधारभूत आवश्यकता र जनजीविकालाई सम्बोधन गर्न सकेको देखिँदैन । दुःखसाथ भन्नुपर्छ, आज तिनै दल र नेताहरूले लगाएका नारामा नागरिक जन्मदेखि मृत्युसम्म लुटिन, ठगिन र बेचिन विवश छन् । निःशुल्क स्वास्थ्य, शिक्षा, रोजगार र सुरक्षा तथा गाँस, वास र कपासका नाममा आज पनि तीन करोड नागरिक राज्यको वैधानिक निजी र सरकारीस्तरबाटै लुटिन बाध्य छन् ।

तीन तहको सरकार बन्दा पनि नागरिकको जीवनले कुनै पनि सुविधा पाउन सकेको छैन । हिजो परिवर्तन र आन्दोलनको 'टार्गेट'मा परेका समाजका सडेगलेका 'डेट एक्सपायर्ड' सामन्तीको रजगज आज पनि राज्य र राजनीतिकस्तरमा हाबी छ । यसलाई नयाँ शक्तिहरूले पनि बढार्न सकेको छैन । झुटो नारा र

अहिलेको राज्य र राजनीतिमा सामान्य नेता, कार्यकर्ता र नागरिकले प्रतिस्पर्धा गर्नै सक्दैनन् । नश्लवाद, जातिवाद, परिवारवाद र दलाल पुँजीपतिवादतिर उन्मुख छ प्रतिस्पर्धा ।

आश्वासनमा दल र तिनका नेताहरूको राजनीतिक जीवन आलिसान ढंगले बितिरहेको छ ।

राजनीतिक दल, न्यायालय र सुरक्षा निकायलगायत हरेक निकाय र अंगमा सामन्तीहरूकै रजगजका कारण बेथिति र भ्रष्टाचारले सीमा नाघेको छ । यसबीच मात्र राज्यका निकायका कर्मचारी, राजनीतिक दलका नेता र केही ठूला व्यवसायी, जो राज्यको आर्थिक अपचलन, भ्रष्टाचार तथा करछली गरेर अकुत सम्पत्ति आर्जन गरेको मुद्दामा पक्राउ परेका छन् भने कतिपय अनुसन्धानको दायरामा छन् । भर्खरै चर्चामा आएको ६ खर्ब एनसेल कर छलीको विषय, यसअघिको यती, ओम्नी, वाइडबडी, बालुवाटार जग्गा प्रकरण, सुनकाण्डलगायत विभिन्न काण्ड र प्रकरण चर्चामै छन् । नागरिक यी काण्डको 'अपडेट'बाट वञ्चित छन् । कानुनी कमजोरीले गर्दा पुराना विषय सेलाउने र ओझेलमा पर्ने र नयाँ काण्ड र घटनाहरू थपिइरहने प्रवृत्ति घातक छ । तत्काल बदनाम गर्ने र हुने, पछि 'बार्गेनिङ' र लेनदेनमा टुंगिने र राजनीतिक विषय बनाएर तन्काउने प्रवृत्ति पनि उत्तिकै छ । ऐन-कानुनको कमजोरीकै कारण विभिन्न क्षेत्रका इमानदार नागरिकले प्रतिरोध गर्न नसक्दा आत्महत्या गर्ने घटना पनि बढेका छन् ।

जुन पात्र, प्रवृत्ति र समस्याबाट नेपाली समाजले मुक्ति र परिवर्तन चाहेको छ, आजपर्यन्त राजनीतिक रूपमा मात्र नभई प्रशासनिक रूपमा समेत नेपाली समाजमा उनीहरूकै वर्चस्व छ । राजनीतिले त झन् उनीहरूलाई इज्जत र सम्मान दिएको छ । तीनै तहका सरकार यतिवेला उनीहरूका लागि पुरस्कार साबित भएका छन् । सामान्य नेता, कार्यकर्ताका लागि राजनीतिक कुर्सी कोरा कल्पना र सपना साबित भएको छ । जोसँग पैसा, पावर र पुँजी छैन, उनीहरूले राजनीतिको कल्पना नगरे पनि हुने अवस्था छ । काम गर्ने मानिस त्यहाँ पुग्ने सक्दैन । बेथिति र भ्रष्टाचार गर्न सक्ने मानिस मात्र आजको राजनीतिमा टिक्न सक्ने अवस्था सिर्जित भएको छ ।

लोकतन्त्रले शक्तिलाई पुज्ने परम्परालाई झनै बलियो बनायो । हिजोका सामन्त जमिनदारलाई पुज्ने दास मानसिकता आजको राजनीतिमा पनि हाबी छ । हाम्रो राज्य नागरिकको कहिल्यै हुन सकेन । राजनीतिमा आफू गन्ती हुने ठाउँमा कसरी पुग्ने भन्ने प्रतिस्पर्धा मात्र चलिरहेको छ । लोकतन्त्र पनि शोषण, दमन, विभेद र उत्पीडनको अर्को हतियार भएको छ । राज्य र राजनीतिको कुनै पनि तहमा स्वस्थ प्रतिस्पर्धा छैन । अहिलेको राज्य र राजनीतिमा सामान्य नेता, कार्यकर्ता र नागरिकले प्रतिस्पर्धा गर्नै सक्दैनन् । नश्लवाद, जातिवाद, परिवारवाद र दलाल पुँजीपतिवादतिर उन्मुख छ प्रतिस्पर्धा । जोसँग यी कुरा छैनन्, उनीहरूले राज्य र राजनीतिबारे नसोंचे पनि हुन्छ । गाउँदेखि सहरसम्मका सामन्त जमिनदारहरू, जसले पुख्र्यौंली सम्पत्ति बेचेर राजनीतिक सम्मानको कुर्सी ओगट्न सक्छन्, जसले आफ्नो व्यापार व्यावसाय तथा अपराधलाई ढाकछोप गर्न तथा करोडौं खर्चेर अर्बौंलाई जोगाउन सक्छन्, उनीहरूका लागि यतिवेला सदन र सरकार छन् । उनीहरूलाई देश र समाजको विकासको कुनै खाँचो छैन । पदको लाभ लिएर इतिहासमा बाँच्न चाहेका मात्र हुन् तिनले । सर्वसाधारण नागरिक र सामान्य नेता-कार्यकर्ताले यसमा प्रतिस्पर्धा गर्नै सक्दैन । यो लाभ लिन उनीहरूले राजनीतिक चुनावमा लाखौं ऋणको भारी बोकेर आफ्नो परिवारलाई भिखारी बनाउन सक्दैनन् । त्यसैले यतिवेला लोकतन्त्रको कुर्सीमा हरेक हिसाबले सामन्तीहरूकै रजगज चलिरहेको छ भन्दा अत्युक्ति नहोला ।

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **खेमराज नेपाल**लाई



प्रदेशमा प्रमुख सचिव र सचिव तथा स्थानीय तहमा प्रशासन प्रमुख संघबाटै पठाउने प्रस्तावित व्यवस्था कस्तो छ ?

नेपालको संविधानले देशमा तीन तहका सरकारको परिकल्पना गरेको छ । प्रदेश र स्थानीय तह पनि सरकार नै हुन् भने तिनले आफ्नो आवश्यकता आफैंले पूर्ति गर्न पाउनुपर्छ । संघबाट पठाउँदा प्रदेश र स्थानीय तहलाई नियन्त्रणका लागि पठाइएको हो कि जस्तो पर्न सक्छ । केन्द्रबाट पठाइएको व्यक्तिले प्रदेश र स्थानीय तहमा आर्थिक, प्रशासनिकलगायत मामिलामा सिकाउँछ भन्ने मान्यता राखिएको हो भने पनि अहिले माथिबाट पठाइएकाले सिकाएको र तलकाले सिकेको देखिन्न । यसरी जाने अधिकांश सरुवा पर्खेर बसेका देखिन्छन् । स्थानीय र प्रदेश सरकार पनि यसबाट खुसी हुँदैनन् । अहिले नै पनि कतिपय स्थानमा हाजिर गर्नसमेत नदिएका दृष्टान्त छँदै छन् ।

संघीय निजामती विधेयकमा प्रस्तावित आरक्षण व्यवस्थाको प्रभाव कस्तो होला ?

हामीकहाँ आरक्षण व्यवस्था किन गरिएको हो भनेर कहिल्यै प्रस्ट पारिएन । संविधानमा सबै जातजातिलाई चिनाइयो । तर, ती सबै कुन विन्दुमा पुग्दा नेपाली हुन्छन् भन्ने चाहिँ प्रस्ट पारिएन । त्यसैले, सबैतिर सबै जातजातिको प्रतिनिधित्व खोज्दै हिँड्नुपरेको छ । केही समयका लागि आरक्षण ठिक भए पनि सधैंका लागि यो कायम राखिनु हुँदैन ।

प्रस्तावित तहगत व्यवस्थाको प्रभाव कस्तो होला ?

श्रेणीगत व्यवस्थामा पदोन्नतिका लागि लामो समय कुर्दाकुर्दै व्यक्तिमा निराशा भरिन सक्छ । तर, तहगत व्यवस्थाले छिटो पदोन्नतिको ढोका खोल्ने भएकाले माथिल्लो तहमा उत्साहित जनशक्ति पुग्न सक्छ । यसबाट कर्मचारीको वृत्तिविकासमा सकारात्मक प्रभाव पर्न सक्छ ।

प्रेरक प्रसंग

बालकको फलफूल खाने रहर

एक बालकले पितासित फल खाने जिद्दी गरे पनि साथमा पैसा नभएकाले उनले छोराको इच्छा तत्काल पूरा गर्न सकेनन् । भारी बोक्ने काम गर्ने पिताले अर्को दिन केही पैसा कमाएपछि छोराको इच्छा पूरा गर्न उनलाई फलफूल किनेर ल्याउन अह्राए । बालक पनि पैसा पाएपछि दंग पर्दै बजारतिर गए । बालकले बाटामा केही यस्ता मानिस देखे, जसको शरीरमा एकसरो लुगासम्म थिएन । उनीहरूलाई देख्दा कैयौं दिनदेखि केही खाएका छैनन् जस्तो लाथ्यो । फलफूल किन्ने खुसियालीमा रमाउँदै, उफ्रिँदै बजारतिर लागेका बालकले ती मानिसलाई देखेपछि उनको मन दुःखी भयो । उनलाई ती मानिसको दुःख देख्दा फलफूल खान मन लागेन । उनले फलफूल किन्ने सोच त्यागिदिए र साथमा ल्याएको पैसा तिनै मानिसलाई दिएर घर फर्किए ।



फलफूल नकिनी छोरा घर फर्किएपछि पिताले सोधे- खै त फलफूल ? कि सबै उतै खायौ ? बालकले सबै यथार्थ विवरण पितालाई सुनाए । उनले भने- बाबा, ती मानिस त हामीभन्दा पनि दुःखी देखिन्थे । तिनको शरीरमा त लुगा पनि थिएन । त्यसैले, मलाई फलफूल खान मन लागेन । अनि, सबै पैसा उनीहरूलाई दिएँ । बालकका कुरा सुनेर पिता निकै खुसी भए । उनले भने- बाबु, आज तिमीले सामान्य फल होइन, अमर फल प्राप्त गरेका छौ । तिमी जीवनमा ठूला मानिस बन्नेछौ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

काग्रेसको बुद्धि फिरोस्

१५ महिनामा तेस्रो सत्ता गठबन्धन बनेको छ । प्रचण्ड तीनवटै गठबन्धनबाट प्रधानमन्त्री बनेका छन् । उनलाई टेको दिइरहेको देशकै सबैभन्दा ठूलो दल कांग्रेस यतिखेर आफ्नै बेहोसी र मैमत्तापनले गर्दा प्रतिपक्षमा धकेलिएको छ । सरकारमा रहेका मन्त्रीले गतिलो काम गरेनन्, भ्रष्टाचार गरे भनेर प्रधानमन्त्रीले मन्त्री फेर्छु भन्दा पनि आफ्नो गुटको सदस्य भएकै कारण कांग्रेस सभापतिले उनीहरूलाई काखी च्यापेर जोगाएपछि प्रधानमन्त्री बिच्किनु स्वाभाविक हो । त्यसैले, अहिले कांग्रेस आफ्नै कारण प्रतिपक्षमा धकेलिएको छ । समयमै उसको बुद्धि फिरोस् । आगामी दिनमा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गरी देश र जनताका जल्दाबल्दा मुद्दामा सरकारलाई खबरदारी गरोस् । सत्तामा जाने छिद्र खोज्दै नबसोस् ।

● **गोकर्ण परियार**, कुपन्डोल, ललितपुर

गठबन्धन दिगो रहोस्

हामीलाई थाहा छ, सत्तामा जोसुकै पुगे पनि र जुन-जुन दल मिलेर गठबन्धन गरे पनि त्यसबाट देश र जनतालाई केही फरक पर्ने होइन । जताबाट पनि लुटिने, थिचिने र मारमा पर्ने जनता नै हुन् । तर, छोटोछोटो समयमै गठबन्धन बन्ने र भत्किने गर्दा भन्दा गठबन्धन दिगो रहँदा नै केही न केही राम्रा काम हुन सक्छन् । त्यसले केही न केही हामी जनता र देशलाई सकारात्मक प्रभाव पर्न सक्छ ।

● **गौरव थापा**
पुल्चोक, ललितपुर

पाठ्यसामग्रीको त्रुटि हटाऊ

विद्यालय तहका केही विषयका पाठ्यपुस्तकमा त्रुटि भएको समाचार पढियो । विद्यार्थीले पढ्ने पाठ्यपुस्तकमै यसरी त्रुटि र तथ्यहीन सामग्री प्रकाशित हुँदा पनि पाठ्यक्रम विकास केन्द्र के हेरेर बसिरहेको छ ? उसले सबै पाठ्यपुस्तकको परीक्षणपछि मात्र स्वीकृति दिन्छ होइन र ? अनि किन यस्तो त्रुटि हुन्छ ? लेखकले गल्ती गरे पनि पाठ्यक्रम विकास केन्द्रका विशेषज्ञले यसबारे खोजिनिती गर्नुपर्ने होइन र ? अहिलेसम्मका पाठ्यपुस्तकमा भएका त्रुटि खोजेर सबैलाई हटाऊ ।

● **प्रवीण महर्जन**
सानोठिमी, भक्तपुर

हाम्रो जीवन कहिले फेरिन्छ ?

खेतमा गरामा पसिना बगाइरहेका हुनुपर्ने हामी किसान अहिले धर्नामा छौं । धर्ना बसेको पनि पन्ध्र दिन बितिसक्यो । धर्नामा बस्दाबस्दै सरकार परिवर्तन भयो । यस्तै सरकार देशमा कैयौंपल्ट फेरिए तर हाम्रो जीवन फेरिएन । त्यसैले, हामी गुठीपीडित किसान बाध्य भएर अहिले आन्दोलनमा उत्रिएका छौं ।

हामी बन्दोबस्तीका सामग्रीसहित धर्नामा छौं । अब हामी माग पूरा नभएसम्म घर फर्किदैनौं । यही जमिन जोत्दाजोत्दा तीन पुस्ता बित्न लागे । तर, जोतेको जमिन आफ्नो भएन । यो माटो आफ्नो नहुँदा हामी धेरै अधिकारबाट वञ्चित छौं । राज्यबाट पाउनुपर्ने सेवा-सुविधामा समेत आफूले जोतेको माटोको प्रमाण खोजिन्छ । त्यसकारण हामी राज्यका तर्फबाट पाउनुपर्ने कुनै सेवा-सुविधा पाउन सक्दैनौं । निर्धक्कसँग खेती गर्न पनि हामीले सकेका छैनौं ।

हामी देशको नागरिक भईकन पनि अनागरिकसरह भयौं । हामी मतपत्रमा स्वस्तिक छाप हान्ने वेलाका मात्र नागरिक भयौं । हामीले मत दिने नेताहरू पटक-पटक सदन र सत्तामा पुगे । तर, हामीले जोतेको माटोको अधिकार माग्दा भने कतैबाट कुनै सुनुवाइ हुन सकेको छैन । हामी कहिलेसम्म अधिकारका लागि यसरी सडकमा भिख मागेर बस्ने ? हाम्रा लागि न्याय दिने सरकार कहिले बन्छ ? हामीले पनि यो देशका नागरिक भएको अनुभूति कहिले गर्न पाउँछौं ? र, देशमा सत्ता गठबन्धन फेरिएजस्तो हाम्रो जीवन कहिले फेरिन्छ ?

● **सावित्री चौधरी**, लमही नगरपालिका-३, दाङ

प्यालेस्टिनी शरणार्थी लिन इजिप्टको आनाकानी किन ?

इजरायलका अलावा गाजासँग सीमा जोडिएको इजिप्टले इजरायलबाट विस्थापित प्यालेस्टिनी शरणार्थी लिनुपर्ने दबाब अस्वीकार गरेको छ



देश / विदेश

● लियाना कयाली

इजरायली बमबारी एवं जमिनी हमलाका कारण करिब १५ लाख प्यालेस्टिनी गाजाको दक्षिणी सहर रफाहमा खाँदिएका छन् । दुई लाख ५० हजार जनसंख्या भएको रफाहमा अहिले प्यालेस्टाइनको आधा जनसंख्याले बसोवास गरिरहेका छन् । राष्ट्रसंघका उच्चपदस्थ राहत अधिकारीका अनुसार रफाहमा शरण लिइरहेका प्यालेस्टिनीको अवस्था 'अत्यधिक खराब' छ, जहाँ रोग फैलिरहेको छ र भोकमरी बढ्दो छ ।

इजरायलले हालसम्म गाजापट्टीमा २९ हजार प्यालेस्टिनीको हत्या गरिसकेको छ र यस मामिलामा अन्तर्राष्ट्रिय न्यायालयले सम्भावित नरसंहार भएको जनाएको छ । रफाहमा हुने सम्भावित इजरायली हमलाले त्यहाँका मानिसलाई इजिप्टको सिनाई प्रायद्वीपनजिकको सीमामा धकेल्नेछ । रफाहलाई वास्तवमा 'सुरक्षित क्षेत्र' मानिएको थियो । तर, अहिले यस क्षेत्रमा पनि हवाई हमला भइरहेको छ । हिंसाबाट जोगिन खोज्नेका लागि अब कुनै सुरक्षित ठाउँ छैन ।

इजरायलका अलावा गाजासँग सीमा जोडिएको इजिप्टले इजरायलबाट विस्थापित प्यालेस्टिनी शरणार्थी लिनुपर्ने दबाबलाई अस्वीकार गरेको छ । विभिन्न रिपोर्टअनुसार इजरायली अधिकारीले इजिप्टलाई गाजाका शरणार्थी स्वीकार गर्न अन्तर्राष्ट्रिय लबी परिचालन गरेको थियो । इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीले नाका नखोल्ने अड्डी कसेका छन् । उनले सीमालाई 'लाल रेखा' भनेका छन्, जसलाई पार गर्दा 'प्यालेस्टिनी मुद्दा सकिने' जनाएका छन् । र, हालै राष्ट्रसंघीय शरणार्थीका उच्चायुक्त फिलिपो ग्रान्डीले इजिप्टको अडानलाई प्रमाणित गरेका छन् ।

इजिप्ट गाजाबाहिर प्यालेस्टिनीको स्थायी पुनर्वास गरेर जातीय सफायामा साथ दिन चाहन्न । अक्टोबरमा इजरायलको गुप्तचरी मन्त्रालयको खुलासा भएको एक दस्ताबेजमा गाजाका २३ लाख मानिसलाई गाजाबाट लखेटेर इजिप्टको सिनाई मरुभूमिमा शिविरमा बसाउनु रहेको थियो । इजरायलका विभिन्न मन्त्री र सांसदले खुलमखुला प्यालेस्टिनीलाई गाजाबाट लखेटेर त्यहाँ इजरायली बस्ती बसाउनेबारे बोलेका छन् । उसो त नेतन्याहुले गत महिना 'गाजालाई स्थायी रूपमा अतिक्रमण गर्ने आफ्नो योजना नरहेको' जनाएका थिए । तर, गाजाबाट प्यालेस्टिनी शरणार्थीलाई इजिप्टमा सार्ने योजनामा संवाद गर्न छाडेका छैनन् ।

सिसी इजिप्टका जनता प्यालेस्टिनी जनताप्रति शक्तिशाली सहानुभूति राख्छन् र प्यालेस्टिनीलाई विस्थापन गर्ने नीतिविरुद्ध छन् भन्नेबारे जानकार छन् । सिसीको इन्कारी प्यालेस्टिनी संघर्षप्रतिको सहानुभूति र इतिहासबाट सिकेको पाठ हो । सन् १९४७-४९ मा इजरायल राज्य निर्माण गर्दा सात लाख ५० हजार प्यालेस्टिनीलाई जायनिस्ट (यहुदी राज्य सर्वोच्चतावादी) शक्तिले निकाला गरेका थिए । इजिप्ट नकबा (प्रलय) को इतिहास दोहोऱ्याउन सहयोगी हुने शक्ति बन्न चाहन्न । तत्कालीन नकबाका कारण अहिलेसम्म ६० लाख शरणार्थी छन् । राष्ट्रसंघका अनुसार एकतिहाइ शरणार्थी शरणार्थी शिविरमा बसिरहेका छन् र इजरायलले यिनलाई घर फर्किन दिएको छैन । यसै सन्दर्भमा नोभेम्बरमा इजरायली कृषिमन्त्री एभी डिच्टरले 'हामीले गाजामा नकबा चलाइरहेका छौं' भनेर घोषणा गरेका थिए ।

इजिप्टका लागि सुरक्षा अर्को मुख्य चासोको विषय हो । यदि प्यालेस्टिनीलाई सिनाई क्षेत्रमा बसालियो भने इजिप्टको सो भूमि पनि प्यालेस्टिनी संघर्षको नयाँ अखडा बन्नेछ । यसले इजिप्टलाई इजरायलसँग सैन्य द्वन्द्वतर्फ लैजान सक्छ । यसबाहेक राष्ट्रपति सिसीले केही वर्षअघि मात्रै उत्तरी सिनाईमा रहेका इस्लामिक उग्रवादीलाई निस्तेज गरेका छन् ।

यस सन्दर्भमा शरणार्थीको भारी आवागमनले परिस्थितिलाई बिगार्न सक्छ ।

त्यसैगरी सिसी हमासले आफ्नो सत्ताविरुद्ध ठूलो विपक्षी खडा गरिदिन सक्छ भनेर सशंकित छन् । सन् २०१३ मा



तस्बिर : फातिमा सबैयर/एएपी

राष्ट्रपति मोहमद मोर्सीलाई सैन्य कुबाट सत्ताच्युत गरेपछि सिसी सत्ताले मुस्लिम ब्रदरहुड र अन्य विपक्षीलाई तहसनहस पारेका थिए । स्मरण रहोस्, हमास मुस्लिम ब्रदरहुडको प्यालेस्टिनी शाखाबाट जन्मेको हो । सन् २०१४ देखि २०१६ सम्म इजिप्टको सेनाले हमासले मुस्लिम ब्रदरहुडसँग मिलेर इजिप्टको सत्ता ढाल्ने प्रयास गरेको भन्दै गाजा र इजिप्ट जोड्ने सुरुङमा बमबारी गरी गाजापट्टीमाथिको इजरायली नाकाबन्दीलाई बलियो बनाउन सघाएका थिए ।

यति भन्दै गर्दा हमास र इजिप्टबीचको सम्बन्ध शत्रुतापूर्ण भने छैन । यी दुवैले सिनाई क्षेत्रमा इस्लामिक स्टेटका विद्रोहीविरोधी कारबाहीमा काम गरेका थिए । इजिप्टले हमास र इजरायलबीच हालै भएको र पुराना युद्धविराममा मध्यस्थता गरेको थियो । तथापि, हाल मध्यस्थता हुन सकिरहेको छैन । इजिप्ट र इजरायलबीच सन् १९७९ देखि शान्ति सम्झौता भएको छ र सिसी सत्तामा आएयता दुई मुलुकको सम्बन्ध बलियो पनि बनेको छ । यद्यपि इजिप्टले रफाहमा इजरायलले अतिक्रमण गरे शान्ति-सम्झौता खारेज गर्ने चेतावनी दिएको छ ।

नेतन्याहुले रफाहमा आउँदा सातामा आक्रमण गर्ने दाबी गरेका छन् । यसैबीच इजिप्टले आफ्नो सीमालाई थप बलियो बनाएको समाचार आएका छन् । अर्थात्, इजिप्टले सम्भावित प्यालेस्टिनी शरणार्थी रोक्न २१ वर्गकिलोमिटरको भित्ते बफर जोन निर्माण गरेको छ । यो कदम इजरायलसँग मिलेर चालिएको हो वा आफैंले हो, स्पष्ट हुन सकेको छैन । तर, बफर जोन बन्दा गाजाका जनता उच्चस्तरको जनघनत्व भएको खुला जेलमा गम्भीर मानवअधिकार उल्लंघन व्यहोर्न अभिशप्त हुनेछन् ।

इजिप्ट र जोर्डनजस्ता मुलुकले ओठे रूपमै भए पनि पछिल्ला केही महिनायता इजरायलको विरोध गरेका छन् । तर, अन्य छिमेकी अरब मुलुकले गाजापट्टीमा सैन्य हमला रोक्न वा राहतको अवस्था सुधार्न गम्भीरतापूर्वक काम गरेका छैनन् । वास्तवमा इजिप्टको लामो समयदेखिको सीमा बन्दले गाजामा आवश्यक सहायतामा पुऱ्याउन सकेको छैन । इजिप्टका अधिकारीले रफाहबाट मुलुक छोड्न खोज्नेबाट हजारौं डलरको घुस लिएका खबर पनि सतहमा आएका छन्, जसले गाजाका मानिसमाझ निराशा र परित्यक्तको भावना उब्जाएको छ ।

(कयाली सिड्नी विश्वविद्यालयकी पोस्टडक्टरल अनुसन्धाता हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पलाई मतपत्रबाट नहटाउन आदेश

वासिंटन डिसी/ अमेरिकाको सर्वोच्च अदालतले सोमबार विद्रोहमा संलग्न भएको आरोपमा रिपब्लिकन राष्ट्रपतिको मनोनयनका लागि हुने प्राइमरी चुनावको मतपत्रबाट डोनाल्ड ट्रम्पलाई हटाउन कोलोराडोले गरेको प्रयासलाई सर्वसम्मतिले खारेज गरिदिएको छ। अमेरिकाको संघीय सर्वोच्च अदालतका नौजना न्यायाधीशले सर्वसम्मतिले कोलोराडो राज्यको सर्वोच्च अदालतले यसअघि गरेको फैसला खारेज गरिदिएको छ।

नबिल बैंक लिमिटेड, एस.एम.ई विभाग, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/२३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्ता नगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा)मा मिति २०७६/०२/२१ मा प्रा.फ.र.नं. १४८००५/०७५/७६ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **श्री चन्दनपुर फार्मेसी।**
ठेगानाः ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १०, कुपण्डोल, ललितपुर।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण :

परमानन्द भट्टकी छोरी, भानदेव भट्टकी बुहारी, देवदत्त भट्टकी श्रीमती, बैतडी जिल्ला श्रीकेदार गा.वि.स. वडा नं. ४ बस्ने, ना.प्र.नं. २४/६३६ (जारी मिति २०५९/०९/२०, स्थान बैतडी) भएकी **श्रीमती माधवी भट्ट।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

विरदेव भट्टको नाति, भानदेव भट्टको छोरा, बैतडी जिल्ला श्रीकेदार गाउँ पञ्चयत वडा नं. ४ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. १३१६४ (जारी मिति २०५४/०१/०९, स्थान बैतडी) भएको **श्री देवदत्त भट्ट।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

सांग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/११/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१२/१३ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय मलेखु, धादिङबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्ते कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम : हरि प्रसाद अधिकारी बाबुको नाम : जिवनाथ अधिकारी बाजेको नाम : लक्ष्मी प्रसाद अधिकारी ठेगाना : सुनौलावजार-८, धादिङ ना.प्र.नं.:२०७३, जारी मिति :२०५०/०१/१० जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ **कर्जा शिर्षक : हायर पर्चेज कर्जा** **कर्जा लिएको शाखा : मलेखु, धादिङ**	**क) नाम : अम्बीका अधिकारी** पतिको नामः हरिप्रसाद अधिकारी ससुराको नाम : जिवनाथ अधिकारी ठेगानाः सुनौलावजार-८, धादिङ ना.प्र.नं.:१०५५३, जारी मितिः २०६३/०७/१२ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ

सुरक्षणमा रहेको धितोको विवरण : यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी हरि प्रसाद अधिकारी कायम रहेको निम्न अनुसारको सवारी साधन १ थान।

सवारी दर्ता नं. : बा ५ ख १९२५	कम्पनीको नाम : TATA MOTORS
मोडेल : LPK 909/27	बनेको साल : 2017
सि.सि./हर्ष पावर : 3783 CC	ईन्जिन नम्बर : 497TC92HTY833980
च्यासिस नम्बर : MAT454201G8H20629	प्रयोग : भाडा
सवारीको नामः टिपर	

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०६१-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०६१-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय मलेखु धादिङमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुने हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा ने नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुने ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/११/२३ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क्र.स	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. ओभरड्राफ्ट सुविधा २. बैंक जमानत	**ऋणीको नामः शुभ लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १९८३/०७२/७३ दर्ता मितिः २०७२/११/१९ स्थायी लेखा नं.: ६०३९४९५४० ठेगानाः सिन्धुली जिल्ला, दुधौली न.पा., वडा नं. ३। **प्रोप्राईटरः** **शुशिल हमाल** ना.प्र.प.नं. (जारी मिति/स्थान): २०३०४४/९५५ (२०६३/११/०२/सिन्धुली) बाजेको नामः नर बहादुर हमाल बाबुको नामः डाक बहादुर हमाल ठेगानाः सिन्धुली जिल्ला, लदाभिर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा., वडा नं. ८। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. बसन्त हमाल** ना.प्र.प.नं. (जारी मिति/स्थान): २०२०१०४४/१९४/१२ (२०६६/०२/१८/सिन्धुली) बाजेको नामः नर बहादुर हमाल बाबुको नामः डाक बहादुर हमाल ठेगानाः सिन्धुली जिल्ला, लदाभिर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा., वडा नं. ८। **२. डाक बहादुर हमाल** ना.प्र.प.नं. (जारी मिति/स्थान): १२०६(२०३७/०७/२०/सिन्धुली) बाजेको नामः दिक बहादुर हमाल बाबुको नामः नर बहादुर हमाल ठेगानाः सिन्धुली जिल्ला, लदाभिर गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा., वडा नं. ८। **३. गोपी कुमारी ठकुरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): २३०००/५६६६ (२०४६/०२/२५/सिन्धुली) बाबुको नामः गोविन्द बहादुर ठकुरी ससुराको नामः नर बहादुर हमाल पतिको नामः डाक बहादुर हमाल ठेगानाः सिन्धुली जिल्ला, लदाभिर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा., वडा नं. ८।	१. गोविन्द बहादुर ठकुरीको छोरी, नर बहादुर हमालको बुहारी, डाक बहादुर हमालको पत्नि, सिन्धुली जिल्ला, लदाभिर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा., वडा नं. ८ बस्ने **गोपी कुमारी ठकुरी**को नाममा मालपोत कार्यालय सिन्धुली को लगतमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, महेन्द्र लदाभिर गा.वि.स.,/न.पा. वडा नं.८/ख स्थित कि.नं. १२ र ४४६ को क्षेत्रफल ०-१-१८ र ०-११-१० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. ऋणीहरूले धनी बैंकको नाममा लेखिदिएको हाइपोथिकेशन अन्तर्गत चल/अचल सम्पत्ती, मालसमान तथा आय प्राप्ति सम्बन्धी धितो सुरक्षणको लिखत।
२.	१. सम्पत्ति धितो कर्जा २. व्यक्तिगत ओभरड्राफ्ट	**ऋणीको नामः रोसनी देवी श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): २१८ (२०४४/१२/१३/गोरखा) बाबुको नामः ईन्द्र लाल श्रेष्ठ ससुराको नामः तोरन बहादुर श्रेष्ठ पतिको नामः कृष्ण बहादुर श्रेष्ठ ठेगानाः गोरखा जिल्ला, पृ.ना.न.पा. वडा नं. ४। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. कृष्ण बहादुर श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३८०० (२०३९/१२/१७/गोरखा) बाजेको नामः भक्त बिर श्रेष्ठ बाबुको नामः तोरन बहादुर श्रेष्ठ ठेगानाः गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ४। **२. सुरज श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४४१००१/२८६८ (२०६७/०३/२८/गोरखा) बाजेको नामः तोरन बहादुर श्रेष्ठ बाबुको नामः कृष्ण बहादुर श्रेष्ठ ठेगानाः गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ३। **३. सुलोचना श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४४१००१/३७५२ (२०६८/०३/२९/गोरखा) बाजेको नामः तोरन बहादुर श्रेष्ठ बाबुको नामः कृष्ण बहादुर श्रेष्ठ ठेगानाः गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ३।	भक्त बिर श्रेष्ठको नाति, तोरन बहादुर श्रेष्ठको छोरा, गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ४ बस्ने **कृष्ण बहादुर श्रेष्ठ**को नाममा मालपोत कार्यालय गोरखा को लगतमा दर्ता श्रेष्ता कायम रहेको गोरखा जिल्ला, गोरखकाली गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. २०३४ को क्षेत्रफल ०-२-१-० (रो.-आ.-पै.-दा.)को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	माईक्रो इन्टरप्राइजेज कर्जा	**ऋणीको नामः कृष्ण बहादुर घर्ति** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५०१०१५/१७२६७ (२०६६/१०/२२/बाग्लुङ्ग) बाजेको नामः हर्क बहादुर बाबुको नामः चन्द्र बहादुर घर्ति ठेगानाः बाग्लुङ्ग जिल्ला, अमरभूमि गा.वि.स., वडा नं. ५। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. चन्द्रकली घर्ती** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७९२१-११६६ (२०४५/०१/२५/बागलुङ) बाबुको नामः लक्ष्मण रोका ससुराको नामः हर्क बहादुर पतिको नामः चन्द्र बहादुर घर्ती ठेगानाःबागलुङ जिल्ला, ताराखोला गा.पा., वडा नं. १। **२. सुमन बोहोरा** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५०१००१-१९५४७ (२०६७/०३/२४/बागलुङ) बाजेको नामः भिल्के सार्की बाबुको नामः चाम बहादुर सार्की ठेगानाः बागलुङ जिल्ला, बागलुङ न.पा., वडा नं. १।	लक्ष्मण रोकाको छोरी, हर्क बहादुरको बुहारी, चन्द्र बहादुर घर्तीको पत्नि, बागलुङ जिल्ला, ताराखोला गा.पा., वडा नं १ बस्ने **चन्द्रकली घर्ती**को नाममा मालपोत कार्यालय बाग्लुङ्ग को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरू: १. बाग्लुङ्ग जिल्ला, अर्गल गा.वि.स./न.पा., वडा नं. १ स्थित कि.नं. ३९० को क्षेत्रफल ०-०-२-२ (रोपनी) को जग्गा र उक्त जग्गा मा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. बाग्लुङ्ग जिल्ला, अर्गल गा.वि.स./न.पा., वडा नं. २ स्थित कि.नं. ८०८ को क्षेत्रफल ५-१५-१-० (रोपनी) को जग्गा र उक्त जग्गा मा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। ३. बाग्लुङ्ग जिल्ला, अर्गल गा.वि.स./न.पा., वडा नं. ३ स्थित कि.नं. १२६ र १२७ को क्षेत्रफल ५-१४-२-३ र ६-१०-१-१ (रोपनी) को जग्गा र उक्त जग्गा मा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
४.	सम्पत्ति धितो कर्जा	**ऋणीको नामः राजु कुमार यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८१०१८/२४६ (२०६८/०२/०४/महोत्तरी) बाजेको नामः नारायण यादव बाबुको नामः बिलटु यादव ठेगानाः महोत्तरी जिल्ला, सहोडवा गा.वि.स., वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. इन्द्र कला देवी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८१९०१३७२ (२०४१/१२/१५/महोत्तरी) बाबुको नामः हिराई यादव ससुराको नामः नारायण यादव पतिको नामः बिलटु यादव ठेगानाः महोत्तरी जिल्ला, सहोडवा गा.वि.स., वडा नं. १। **२. बिलटु यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८१९०१३७१ (२०४५/०१/१३/महोत्तरी) बाजेको नामः जदुनाथ यादव बाबुको नामः नारायण यादव ठेगानाः महोत्तरी जिल्ला, सहोडवा गा.वि.स., वडा नं. १। **३. अभिशेक कुमार यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८-०१-७२-०१२४१ (२०७२/०२/२४/महोत्तरी) बाजेको नामः नारायण यादव बाबुको नामः बिलटु यादव ठेगानाः महोत्तरी जिल्ला, सहोडवा गा.वि.स., वडा नं. १।	जदुनाथ यादवको नाति, नारायण यादवको छोरा, महोत्तरी जिल्ला, सहोडवा गा.वि.स., वडा नं. १ बस्ने **विलटु यादव**को नाममा मालपोत कार्यालय धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा., वडा नं. ४ स्थित कि.नं. २०८ को क्षेत्रफल ०-१-१०-०½ (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
५.	आवधिक कर्जा	**ऋणीको नामः एस एम एस किचन हाउस** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग जनकपुर, धनुषामा दर्ता रहेको) दर्ता नं.: १८५७३/७०६/२०७८/०७९ दर्ता मितिः २०७८/०६/१० स्थायी लेखा नं.: ६१६८८१२४८ ठेगानाः धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा., वडा नं. ८। **प्रोप्राईटरः** **निशा कुमारी झा** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८-०१-७०-०५३३६(२०७०/०५/११/महोत्तरी) बाबुको नामः शैलेन्द्र कुमार झा ससुराको नामः कृष्णचन्द्र मिश्र पतिको नामः अम्भोज कुमार मिश्र ठेगानाःमहोत्तरी जिल्ला, बनौली दनौली गा.वि.स., वडा नं. ७। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. मनोज कुमार मिश्र** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०७२३२३६५(२०५०/१२/२५/महोत्तरी) बाजेको नामः पुरनदर मिश्र बाबुको नामः कृष्णचन्द्र मिश्र ठेगानाः महोत्तरी जिल्ला, बनौली गा.वि.स., वडा नं. ७। **२. सरोज कुमार मिश्र** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०४३३२८९४ (२०५८/१२/२०/महोत्तरी) बाजेको नामः पुरनदर मिश्र बाबुको नामः कृष्णचन्द्र मिश्र ठेगानाः महोत्तरी जिल्ला, बनौली गा.वि.स., वडा नं. ७। **३. अम्भोज कुमार मिश्र** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०४३३२७१९ (२०५६/०८/१६/महोत्तरी) बाजेको नामः पुरनदर मिश्र बाबुको नामः कृष्णचन्द्र मिश्र ठेगानाः महोत्तरी जिल्ला, बनौली गा.वि.स., वडा नं. ७। **४. बबिता कुमारी मिश्र** ना.प्र.प.नं. (जारी मिति/स्थान): १३७५/०५८/५९ (२०५९/२/२३/महोत्तरी) बाबुको नामः बौआजी मिश्र ससुराको नामः कृष्णचन्द्र मिश्र पतिको नामः मनोज कुमार मिश्र ठेगानाः महोत्तरी जिल्ला, बनौली गा.वि.स., वडा नं. ७।	१. पुरनदर मिश्रको नाति, कृष्णचन्द्र मिश्रको छोरा, महोत्तरी जिल्ला, बनौली गा.वि.स., वडा नं. ७ बस्ने **मनोज कुमार मिश्र**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ८ स्थित कि.नं. ६६ को क्षेत्रफल ०-०-१०-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. ऋणीहरूले धनी बैंकको नाममा लेखिदिएको हाइपोथिकेशन अन्तर्गत चल/अचल सम्पत्ती, मालसमान तथा आय प्राप्ति सम्बन्धी धितो सुरक्षणको लिखत।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार २३ फागुन ०८०

भन्सारमा रोकिएका जलविद्युत्का सामानको जाँचपास सुरु

काठमाडौं/ विराटनगर एकीकृत भन्सार जाँचविन्दु (आइसिपी)मा रोकिएका जलविद्युत् आयोजनाका सामानहरू भित्रिन थालेका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले रोकिएका सामान छुटाउन अर्थ मन्त्रालय, भन्सार विभाग र विराटनगर भन्सार कार्यालयमै गएर पहल गरेपछि सामान भित्रिन सुरु भएका हुन् ।

इप्पानका महासचिव बलराम खतिवडाले आयोजनाका सामानहरू भन्सारमा रोकिएपछि सोमबार विराटनगर भन्सार कार्यालयमा पुगेर सहजीकरणका लागि पहल गरेका थिए । मंगलबारबाट आयोजनाका सामानहरू जाँचपास सुरु भइसकेको खतिवडाले बताए ।

विगतमा विद्युत् विकास विभागको सिफारिसमा भन्सार छुट सुविधा पाउँदै आएकोमा १ फागुनदेखि भने विभागको पत्र बुझाउँदा पनि भन्सारले सामान जाँचपास गर्न अस्वीकार गरेको थियो । त्यसरी भन्सारले जाँचपास रोकेपछि एक दर्जन जलविद्युत् आयोजनाले मगाएका पेन स्टक पाइप, हाइड्रो तथा इलेक्ट्रो मेकानिकलसम्बन्धी उकरण तथा निर्माणमा प्रयोग हुने अन्य उपकरण गरी करिब दुई सय ट्रक सामान भन्सारमा रोकिएका थिए ।

चालू आर्थिक वर्षको आर्थिक ऐनमा जलविद्युत् आयोजना वा त्यसका ठेकेदारले सामान ल्याउने आयोजनासँग सम्बन्धित सामानमा मात्रै भन्सार पास गर्ने व्यवस्था गरेपछि भन्सारमा आएका नयाँ अधिकारीहरू अन्योलमा परेका थिए । इप्पानले उक्त अन्योल हटाउन सहजीकरण गरेपछि सामानहरूको जाँचपास सुरु भएको हो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तगाडा गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	**दिपक सुनार** स्थायी ठेगाना: कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ६ हालको ठेगाना : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ बाबु : छविलाल सुनार बाजे : बिर बहादुर सुनार	सुकदेव सुनारको नाति, सन्ते सुनारको छोरा, कञ्चनपुर जिल्ला, परासन, भानुवस्ती गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ बस्ने विर बहादुर सुनार को नाममा मालपोत कार्यालय कञ्चनपुर, बेलौरीको लगतमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका न.पा./गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६५७ र १०६९ को क्षेत्रफल क्रमशः ०.००५० र ०.००५१ (ब्र.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) छविलाल सुनार स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ६ हालको ठेगाना : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ बाबु : विर बहादुर वि.क. बाजे : सन्ते सुनार	**२) विर बहादुर सुनार** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, परासन, भानुवस्ती गा.वि.स. वडा नं. ६ हालको ठेगाना : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ बाबु : सन्ते सुनार बाजे : सुकदेव सुनार
	३) तिर्थ कुमारी विश्वकर्मा स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.प. वडा नं. ६ हालको ठेगाना : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ बाबु : सेते विश्वकर्मा ससुरा : सन्ते सुनार पति : बिर बहादुर सुनार	**४) दिव्या राई (सुनार)** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ६ हालको ठेगाना : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ बाबु : कृष्ण बहादुर राई ससुरा : छविलाल सुनार पति : दिपक सुनार
	५) रविलाल सुनार स्थायी ठेगाना: कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ६ हालको ठेगाना : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ बाबु : बिर बहादुर सुनार बाजे : सन्ते सुनार	**६) कुमारी सुनार** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ६ हालको ठेगाना : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ३ बाबु : राम चन्द्र वि.क. ससुरा : विर बहादुर वि.क. पति : छविलाल सुनार
	ऋणीको विवरण	**धितोको विवरण**
२)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४४४४४/०७६/७७, भारत आयात अन्तर्गत मिति २०७६/०४/०५ मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ स्थित **श्रृजना मिना सर्जिकल सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: मिना खत्री (पोखरेल)** स्थायी ठेगाना : पाल्पा जिल्ला, भैरवस्थान गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ बाबु : यम बहादुर खत्री ससुरा : भिम बहादुर पोखरेल पति : शिव बहादुर पोखरेल	१) लोक बहादुर पोखरेलको नाती, भिम बहादुर पोखरेलको छोरा, पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. ७ मा बस्ने शिव बहादुर पोखरेलको नाममा मालपोत कार्यालय, परासी, नवलपरासी(ब.सु.प)को लगतमा दर्ता कायम रहेको नवलपरासी (ब.सु.प)जिल्ला, स्वाँठी गा.वि.स. वडा नं. ६/ख (हाल सुनवल न.पा वडा नं. २) स्थित कित्ता नं. ८१४, ८१२, ६५१ र ६५० को क्षेत्रफल क्रमशः ०-०-६-३, ०-०-३-१, ०-०-१७-२, र ०-०-२-२ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पुर्ण लिगालगापात समेत । २) लोक बहादुर पोखरेलको नाती, भिम बहादुर पोखरेलको छोरा, पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. ७ मा बस्ने शिव बहादुर पोखरेलको नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला रु.बनगाई गा.वि.स. वडा नं. ८ (हाल सुद्धोधन गा.पा. वडा नं. २) स्थित कित्ता नं.१२२ को क्षेत्रफल ६८८५.०० (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पुर्ण लिगालगापात समेत । ३) श्रृजना मिना सर्जिकल सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताको विवरण	
	१) शिव बहादुर पोखरेल स्थायी ठेगाना : पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ बाबु : भिम बहादुर पोखरेल बाजे : लोक बहादुर पोखरेल	**२) मिशायल पोखरेल** स्थायी ठेगाना : पाल्पा जिल्ला, रब्दिकोट गा.पा. वडा नं. ४ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ बाबु : शिव बहादुर पोखरेल बाजे : भिम बहादुर पोखरेल
	ऋणीको विवरण	**धितोको विवरण**
	२) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.: १४७८९५/०७२/०७३, अन्तर्गत मिति २०७२/१२/३० मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८ स्थित **एस.वि.आर. सर्जिकेम प्रा.लि.** **अध्यक्ष तथा संचालक: शिव बहादुर पोखरेल**	सवारी मोडल : Maruti Suzuki Vitara Brezza VXI च्यासिस नं. : MA3NYFJ1SLB637761 ईन्जिन नं. : K15BN4002706 सवारी दर्ता नं. : प्रदेश ३-०१-०२३ च ५३५४
	जमानीकर्ताहरुको विवरण	
	१) मिना खत्री (पोखरेल) स्थायी ठेगाना : पाल्पा जिल्ला, भैरवस्थान गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. ७ बाबु : यम बहादुर खत्री ससुरा : भिम बहादुर पोखरेल पति : शिव बहादुर पोखरेल	**२) शिव बहादुर पोखरेल** स्थायी ठेगाना : पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं.७ बाबु : भिम बहादुर पोखरेल बाजे : लोक बहादुर पोखरेल
	ऋणीको विवरण	**जमानीकर्ताहरुको विवरण**
३)	१) प्रदेश सरकार, १ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर)मा प्रा.फ.नं.घ.उ.मो. १९३५६/०७१/०७२ अन्तर्गत मिति: २०७१/०४/३० मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, कटहरी गा.पा. वडा नं. ३ स्थित **विराट गंगा पेट एण्ड वेभरेज**	**१) विनय कुमार झा** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७ बाबु : नगेन्दर झा बाजे : बली झा **२) पुनम झा** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७ बाबु : दिनेश कान्त झा ससुरा : नगेन्दर झा पति: बिनय कुमार झा
	धितोको विवरण	
	१) दिनेश कान्त झाकी छोरी, नगेन्दर झाकी बुहारी, बिनय कुमार झाकी पत्नि, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७ बस्ने पुनम झाको नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं. १० (हाल विराटनगर म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. ९४ को क्षेत्रफल १६९.३० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत । २) दिनेश कान्त झाकी छोरी, नगेन्दर झाकी बुहारी, बिनय कुमार झाकी पत्नि मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७ बस्ने पुनम झाको नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला कटहरी गा.वि.स. वडा नं. ३ (हाल कटहरी गा.पा. वडा नं. १) स्थित कित्ता नं. २०८३ को क्षेत्रफल १३५४.५२ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत । ३) विराट गंगा पेट एण्ड वेभरेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
	२) विनय कुमार झा स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७ बाबु : नगेन्दर झा बाजे : बली झा	**पुनम झा** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७ बाबु : दिनेश कान्त झा ससुरा : नगेन्दर झा पति : बिनय कुमार झा

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

नागढुंगा सुरुङमार्ग 'ब्रेक थ्रु' अन्योलमा

१४ मिटर मात्रै सुरुङ खन्न बाँकी, तर ६ फागुनदेखि काम ठप्प

मिलन विश्वकर्मा/नयाँ पत्रिका

स्थानीयको अवरोधका कारण सिस्नेखोला-नागढुंगा सुरुङमार्गअन्तर्गतको मुख्य टनेलको 'ब्रेक थ्रु' अन्योलमा परेको छ । आज २३ फागुन (बुधबार)मा मुख्य टनेलको ब्रेक थ्रु गर्ने तालिका थियो । तर, स्थानीयहरूको अवरोधका कारण काम रोकिएपछि टनेलको ब्रेक थ्रु अन्योलमा परेको हो ।

स्थानीयले सधैंभरि निःशुल्क खानेपानी र सिँचाइको सुविधा दिनुपर्ने माग राखेका छन् । यसैगरी, सुरुङमार्ग प्रवेश गर्दा सवारीसाधनले तिनुपर्ने शुल्क (टोल ट्याक्स)बाट स्थानीयलाई पनि रोयल्टी दिनुपर्ने माग राखिएको छ । करसँग जोडिएको विषय भएकाले उक्त माग भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट सम्बोधन गर्न नसकिने बताइएको छ । साथै, सधैंभरि निःशुल्क खानेपानी र सिँचाई सुविधा दिन चुनौती हुने सरकारी पक्षको धारणा छ । तर, यससहित टनेलमाथिको जग्गाको मुआब्जा पाउनुपर्ने, प्रभावित क्षेत्र घोषणा गर्नुपर्नेलगायत मागसहित स्थानीयले ६ फागुनदेखि आयोजनाको निर्माणस्थलमा काम गर्न दिएका छैनन् । यसले नेपालकै पहिलो आधुनिक सुरुङमार्गको ब्रेक थ्रु अन्योलमा परेको हो ।

दुई हजार ६ सय ८८ मिटरको मुख्य सुरुङमार्गमा अब १४ मिटर खण्ड मात्रै खन्न बाँकी छ, जुन पाँच दिनमा खन्न सकिन्छ । स्थानीयसँग ठोस सहमति नभएका कारण अझै काम सुरु हुन सकेको छैन । साथै, कहिलेदेखि काम सुरु हुन्छ भन्नेमा पनि अन्योल भएको आयोजनाका एक इन्जिनियरले जानकारी दिए ।

'स्थानीयसँग ठोस सहमति भइसकेको छैन । त्यसैले कहिलेदेखि काम सुरु हुन्छ र कहिले सुरुङमार्गको ब्रेक थ्रु हुन्छ भनेर भन्न सकिन्न,' उनले बताए । उनका अनुसार खानेपानीसम्बन्धी माग सम्बोधन गर्ने समझदारी भइसकेको छ । तर, मुआब्जालगायत माग भने मन्त्रिपरिषद्बाटै ठुंगोमा लगाउनुपर्ने भएकाले ठोस समझदारी नभएको उनले बताए ।

'हामीले सुरुङको दुवैतर्फको प्रवेशद्वार र त्यसवरिपरि प्राविधिक प्रभावित हुने जग्गाको मुआब्जा दिएका हौं । तर, सुरुङमार्गको माथि पर्ने जग्गाको मुआब्जा दिने अभ्यास संसारमा कतै पनि छैन, दिने कुरा पनि आउँदैन । तर, अहिले त्यस्तो जग्गाको मुआब्जाको पनि मुआब्जा चाहियो भनेर स्थानीयबाट अवरोध भएको छ,' स्रोतले भन्यो, 'अब त्यसलाई कसरी सम्बोधन गर्ने, त्यो सरकारकै हातमा छ ।'

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवप्रसाद शर्माले स्थानीयको जायज माग पूरा गर्न सरकार सकारात्मक रहेको बताए । तर, त्यसका लागि स्थानीयहरू सहमतिमा आउनुपर्ने उनको भनाइ छ । 'स्थानीयका अधिकांश माग पूरा गर्न सकिँदैन । त्यस्ता माग हाम्रो क्षेत्राधिकारभित्र पर्दैन पनि । यद्यपि, जायज माग पूरा गर्न हामी तयार छौं भनेकै छौं,' उनले भने, 'तर, यसका लागि उनीहरू सहमतिमा आएर काम गर्न दिनुपर्छ ।'

सुरुङमार्गमाथिको जग्गाको मुआब्जा दिने विषयमा भने स्थानीयले दुई महिना प्रतीक्षा गर्नुपर्ने बताए । 'सुरुङमार्गमाथिको जग्गाको मुआब्जा दिने अभ्यास कतै पनि छैन । यद्यपि, सुरुङमार्गकै कारण त्यहाँको जग्गा तथा भौतिक सम्पत्ति प्रभावित हुन्छ भने त्यसलाई बेवास्ता गर्ने कुरा पनि हुँदैन,' उनले भने, 'तसर्थ, स्वतन्त्र विज्ञहरूको टोली बनाएर त्यस्तो जग्गामा पर्न सक्ने प्रभावबारे अध्ययन गर्दै छौं । त्यसको प्रतिवेदन दुई महिनामा आउँदै छ । त्यसकै आधारमा थप निर्णय गर्न सक्छौं । तर, यो कुरा स्थानीयले बुझ्नुभएन ।'

यस्तै, चन्द्रागिरि नगरपालिका वडा नम्बर २ का अध्यक्ष भाइकृष्ण तामाङले स्थानीयको माग जायज भएको दाबी गरे । तर, त्यो सम्बोधन गर्न सरकार तयार नदेखिँदा स्थानीयहरू काममा अवरोध गर्न बाध्य भएको उनले बताए ।

'सुरुङमार्ग बनाउन थालेपछि पानीको स्रोत सुक्दै गएको छ । ब्लास्टिङले घरहरू चर्किन थालेका छन् । भविष्यमा के-कस्तो समस्या आउने हो, निश्चित छैन,' उनले भने, 'यी यस्ता विषयलाई उचित सम्बोधन गर्न पटक-पटक औपचारिक रूपमा पत्र पठाएका थियौं । उहाँहरूले माग सम्बोधन गर्ने वाचा पनि गर्नुभएको थियो । तर, त्यसअनुसार काम नभएपछि यस्तो कदम उठाउन जनता बाध्य भएका हुन् ।'

आफू जनप्रतिनिधि भएको नाताले समन्वयनकारी भूमिका निर्वाह गर्न पनि तयार रहेको उनले बताए । तर, सरकारले झारो टार्ने ढंगले वार्ता गरेको उनको दाबी छ ।

यो नेपालको पहिलो आधुनिक सुरुङमार्ग हो । जाइकाको १६ अर्ब ६३ करोड रुपैयाँ सहुलियत ऋणसहित कुल २२ अर्ब १४ करोडमा यो परियोजना बन्दै छ । यो परियोजनामा रेस्क्यु र मुख्य गरेर दुई टनेल छन् । दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु टनेल भने २२ साउनमा 'ब्रेक थ्रु' भइसकेको छ ।

सुरुङमार्ग बनाउन सडक विभाग र जापनिज कम्पनी हाजमा एन्डो कर्पोरेसनबीच सेप्टेम्बर ०१९ मा ठेक्का सम्झौता भएको थियो । २०१९ अक्टोबर २१ मा यस आयोजनाको शिलान्यास गरिएको थियो । त्यसपछि नोभेम्बर ०२० देखि आयोजनाको निर्माण कार्य सुरु भएको थियो ।

'ब्रेक थ्रु'का लागि जाइकाका वरिष्ठ उपाध्यक्ष नेपालमा



सुरुङमार्गको ब्रेक थ्रु समारोहमा सहभागी हुन नेपालको निम्तोमा जाइकाका वरिष्ठ उपाध्यक्ष यमादा जुनिची सोमबार नेपाल आइसकेका छन् । तर, सुरुङमार्ग ब्रेक थ्रु नहुँदा उनको भ्रमण खल्लो भएको मन्त्रालयका एक उच्च अधिकारीले बताए । 'यही सुरुङको समग्र भौतिक प्रगतिको अवलोकन गर्नेसहित ब्रेक थ्रु समारोहमा उपस्थिति हुन उहाँलाई बोलाएका हौं । उहाँ सोमबार नेपाल आइसकुभएको छ,' उनले भने, 'तर, काम गर्न सकिएन । नराम्रो सन्देश जाने भएपछि उहाँको भ्रमण रद्द पनि गर्न सकिएन ।'

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

माछाका भुराको माग बढ्दै, बढेन उत्पादन

मत्स्य विकासले उत्पादन बढाउन नसक्दा किसान निजी फार्मबाट महँगोमा किन्न बाध्य

धनगढीमा **तेजराज भट्ट**

तालतलैयाले भरिपूर्ण कैलाली, कञ्चनपुरमा माछापालन व्यवसायमा देखिएको किसानको आकर्षणले माछाका भुराको माग बढ्दो छ । तर, प्रदेश सरकारमातहतको कैलालीको गेटास्थित मत्स्य विकास केन्द्रले भने मागअनुसार भुराको उत्पादन बढाउन सकेको छैन । केन्द्रले माग धान्न नसकेपछि यहाँका माछापालक किसान महँगो मूल्य तिरेर निजी फार्म र अन्य प्रदेशबाट समेत माछा भुरा खरिद गर्न बाध्य छन् ।

माछाका भुरा उत्पादन गरेर किसानलाई सहुलियत दरमा बिक्री गर्ने उद्देश्यले सरकारले करिब पाँच दशकअघि गेटामा मत्स्य विकास केन्द्र स्थापना गरेको थियो । किसानको माग बढ्दै गए पनि केन्द्रमा भुराको उत्पादन बढाउन नयाँ पोखरी थप्ने तथा पुराना पोखरीको मर्मत गर्ने कार्य हुन सकेको छैन । मत्स्य विकास केन्द्र हाल प्रदेश सरकारमातहत छ ।

केन्द्रले उत्पादन बढाउन नसकेपछि किसानले निजी फार्मबाट महँगोमा भुरा किन्नुपर्ने अवस्था छ । मत्स्य विकास केन्द्रबाट किसानले मागअनुसार माछाको भुरा पाउन नसकेको कैलारी गाउँपालिकाका माछापालक किसान रामलखन चौधरीले बताए । 'केन्द्रले पर्याप्त मात्रामा उत्पादन नगर्दा बाहिर दोब्बर मूल्यमा किन्नुपरिरहेको छ,' उनले भने, 'त्यहाँ उत्पादन बढाइदिए किसानले लाभ पाउने थिए ।'

उत्पादन बढाउन नसकिएपछि सुदूरपश्चिममा खपत हुने भुराको करिब ५० प्रतिशत माग मात्र केन्द्रले धानिरहेको मत्स्य विकास केन्द्रका निमित्त प्रमुख निर्मल खातीले बताए । पूर्वाधारका कारण भुराको उत्पादन बढाउन नसकिएको उनले बताए । केन्द्रले यस वर्ष भने गत वर्षको भन्दा बढी करिब पाँच करोड भुरा बिक्री गर्ने लक्ष्य लिएको उनले जानकारी दिए । गत वर्ष सवा चार करोड भुरा बिक्री गरेको थियो ।

> माछाका भुरा उत्पादन गरेर किसानलाई सहुलियत दरमा बिक्री गर्ने उद्देश्यले सरकारले करिब पाँच दशकअघि गेटामा मत्स्य विकास केन्द्र स्थापना गरेको थियो । किसानको माग बढ्दै गए पनि केन्द्रमा भुराको उत्पादन बढाउन नयाँ पोखरी थप्ने तथा पुराना पोखरीको मर्मत गर्ने कार्य हुन सकेको छैन ।

'प्रशस्त प्राकृतिक तालतलैया रहेका कैलाली, कञ्चनपुरमा माछापालन व्यवसायमा किसानको आकर्षण बढ्दो छ, यसले भुराको माग पनि बढेको छ,' उनले भने, 'तर पूर्वाधारका कारण मागअनुसार भुराको उत्पादन बढाउन सकेका छैनौं ।' उनले नयाँ पोखरी निर्माण र भएका पोखरीको मर्मत गर्न नसक्दा किसानको मागअनुसार भुरा उत्पादन बढाउन नसकिएको बताए ।

'पुराना पोखरी पुरिएर गहिराइ कम हुँदै गएको छ, ती अहिले मापदण्डअनुसार छैनन् । तिनको मर्मत गर्न आवश्यक छ,' निमित्त प्रमुख खातीले भने, 'बजेट नहुँदा नयाँ पोखरी पनि बनाउन सकिएको छैन ।' पोखरी मर्मत र निर्माणका लागि सरकारसँग हरेक वर्ष बजेट माग गरे पनि नपाएको उनले बताए ।

भएका पोखरीको मर्मत र नयाँ पोखरी निर्माण गर्न सके मागको ७० देखि ७५ प्रतिशतसम्म भुरा उत्पादन गर्न सकिने केन्द्रले जनाएको छ । केन्द्रको २० बिघा जमिनमध्ये १२ बिघामा पोखरी छन् । थप डेढ बिघा जमिनमा नयाँ पोखरी निर्माण गर्न सकिने खातीले बताए । बाँकी क्षेत्रमा कार्यालय, कर्मचारी आवासलगायत संरचना छन् । केन्द्रले फागुनदेखि भदौ महिनासम्म माछाको प्रजनन गराएर सात जातका भुरा उत्पादन गर्छ । केन्द्रबाट सिजनमा समेत मागअनुसार भुरा नपाएको किसानको गुनासो छ । बेसिजनमा भुरा किन्न आउने किसानलाई फर्काउनुपर्ने अवस्था रहेको निमित्त प्रमुख खातीले बताए । उनका अनुसार यस वर्ष केही पोखरी मर्मत गर्न सरकारसँग ५० लाख बजेट माग गरिएको थियो, सरकारले निकासा गरेन ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Project Implementation Unit (FPIU), Kailali

Invitation for Online-Bids

(Notice No: FPIU/KAILALI/NCB/Works/ 2080/081/11)

Date of Publication: 2080/11/23 (6th March, 2024)

1. FPIU, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp .

Contract ID	Description of Works	Total Estimated Amount NRs (Without VAT including Provisional Sum)	Bid Security Amount (NRs)	Bid Document Fee (NRs)
FPIU/KAILALI/Works/NCB/36-2080/081	Upgradation of Road from Tikapur Buspark to Tikapur Park, Tikapur Municipality ward no. 1, 2 & 5 Kaillai.	85,66,195.33	2,40,000.00	3000
FPIU/KAILALI/Works/NCB/37-2080/081	Upgradation of Four Lane Road with drain upto Tikapur Park along with Daulatpur Ghat -Lumbini Province Connecting Road section.	1,28,48,818.26	3,50,000.00	3000

Project Chief

नेपाली बजारमा भित्रियो आइसरको इन्जिन आयल



काठमाडौं/ नेपालका लागि आइसर कमर्सियल भेहिकल्सको आधिकारिक वितरक बतास एमएडब्लू कमर्सियल भेइकल प्रालिले आइसरको इन्जिन आयल भित्र्याएको छ। कम्पनीका प्रमुख प्रबन्ध निर्देशक शान्तराज बतासले आइसरको इन्जिन आयल बजारमा ल्याएको जानकारी दिएका हुन्।

इन्जिन आयल सार्वजनिक गर्न आयोजित कार्यक्रममा प्रमुख प्रबन्ध निर्देशक बतासले आइसर इन्जिन आयल र स्पेयर पार्टसूसहित व्यवसायीका लागि कम्प्लिट सोलुसन उपलब्ध गराउने उद्देश्यका साथ नेपालमा बजार विस्तार गरेको बताए। सबै व्यवसायीका साथमा रहेर गुणस्तरीय इन्जिन आयल र स्पेयर पार्टसूसमेत उपलब्ध गराउन प्रतिबद्ध रहेको उनको भनाइ थियो।

कुनै पनि इन्जिन विशेष प्रविधिअनुरूप बन्ने हुनाले त्यसमा प्रयोग हुने ल्युब पनि विशेष प्रकारको हुने उनको भनाइ थियो। जसले गर्दा इन्जिनको पर्फमेन्स बढ्नुका साथै इन्जिनको आयु पनि बढ्ने बतासले बताए।

गुणस्तरीय ल्युब प्रयोग गरी आफ्नो गाडीको कार्यक्षमता बढाउनुका साथै वारेन्टी कभरेज कायम राख्दै र पुनर्विक्रय मूल्यको संरक्षण गर्दै आफ्नो सवारीसाधनको अधिकतम कार्यसम्पादन, दीर्घायु र दक्षता सुनिश्चित गर्न ग्राहकले आइसर उत्पादकहरूले सिफारिस गरेका वास्तविक लुब्रिकेन्टहरू प्रयोग गर्नु बुद्धिमानी विकल्प रहेको प्रमुख कार्यकारी अधिकृत दीपककुमार अग्रवालले बताए।

आइसर ल्युब फोर ह्विलर, कमर्सियल, हेभी इक्विपमेन्ट आदि सबै सवारीसाधनमा उक्त इन्जिन आयल प्रयोग गर्न सकिने कम्पनीले जनाएको छ।

महासंघ कार्यकारिणी समिति सदस्यमा आचार्य



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समिति सदस्यमा भरतराज आचार्य मनोनीत भएका छन्। महासंघको विधानको दफा ३४.१ को खण्ड (ण) र दफा ३४.६ अनुसार आचार्यलाई अध्यक्ष चन्द्रप्रसाद ढकालले कार्यकारिणी समिति सदस्यमा मनोनीत गरेका हुन्।

आचार्यलाई महासंघ अध्यक्ष ढकालले मंगलबार पद तथा गोपनीयताको शपथ गराएका छन्। आचार्य उत्पादनमूलक उद्योग, व्यापारलगायत क्षेत्रमा संलग्न रहेको महासंघले जनाएको छ। यसअघि दुई कार्यकाल कार्यकारिणी समिति सदस्य रहिसकेका आचार्यले महासंघमा रोजगारदाता परिषद्को उपसभापति एवं उद्योग समितिको सभापतिको जिम्मेवारीसमेत सम्हालिसकेको जनाइएको छ।

बागलुङ-पर्वत जोड्ने पुल सञ्चालन

बागलुङ/ बागलुङ र पर्वत जिल्ला जोड्ने गरी कालीगण्डकी नदीमा निर्माण भएको झोलुंगे पुल सञ्चालनमा आएको छ। बागलुङ नगरपालिका-४, उपल्लाचौरको गौरीधामबाट पर्वतको जलजला गाउँपालिका-८, ओडारे जोड्ने गरी कालीगण्डकी नदीमाथि पुनः अर्को पाँच सय २३ मिटर लामो झोलुंगे पुल निर्माण भएको हो।

लामा र अग्ला झोलुंगे पुलहरूको जिल्लाका रूपमा परिचित बागलुङ र पर्वत जोड्ने गरी कालीगण्डकी नदीमाथि नै पाँच सय ६७ मिटर लामो झोलुंगे पुल निर्माण भइसकेको छ। सात करोड लागतमा उक्त झोलुंगे पुल निर्माण सम्पन्न भएर सञ्चालनमा आएको बागलुङ-४ का वडाध्यक्ष कुमारविक्रम क्षत्रीले जानकारी दिए।

'पुलबाट वारिपारि गर्न थालेको चार दिन भयो। निर्माण सम्पन्न भए पनि औपचारिक उद्घाटन भने भएको छैन,' उनले भने, 'पुल बनेपछि बागलुङ बजारको समृद्धिसँग पर्वतको जलजला पनि जोडिएको छ। यसअघि यहाँका नागरिक आउजाउ गर्न एक-डेढ घण्टा लाग्नेमा अब १० मिनेट लाग्नेछ।'

एनआइसी एसिया क्यापिटलको सातवटा सेवामा विशेष अफर

काठमाडौं/ एनआइसी एसिया क्यापिटल लिमिटेडले आफूले दिँदै आएको सातवटा सेवामा विशेष अफर दिने भएको छ। कम्पनीले स्थापनाको सात वर्ष पूरा गरेको अवसर पारेर विशेष अफर ल्याएको हो।

'सातौं वार्षिकोत्सव : सातै दिन, सातै हप्ता, सातै सेवामा सातै अफर' भन्ने नारासहित ११ वैशाखसम्म लागू हुने गरी योजना ल्याएको कम्पनीले जनाएको छ। योजनाअनुसार लगानी व्यवस्थापन सेवाअन्तर्गत ग्राहकलाई न्यून लागतमा उच्चकोटिको सेवा प्रदान गर्ने उद्देश्यका साथ सात रुपैयाँ मात्र लिई एक वर्षका लागि लगानी व्यवस्थापन सेवा उपलब्ध गराउने जनाइएको छ।

त्यस्तै, एनआइसी एसिया बैंक म्युचुअल फन्डअन्तर्गत सञ्चालित पहिलो खुलामुखी योजना 'एनआइसी एसिया डाइनामिक डेप्ट फन्ड'को एसआइपीमा आउँदो वैशाख ११ गतेसम्म सहभागी हुने इकाइधनीमध्ये सातजना इकाइधनीले पाँच सय रुपैयाँबराबरको क्यापिटलको तर्फबाट एसआइपी रजिस्ट्र गरी पहिलो किस्ता भुक्तानी गरेका इकाइधनीलाई एसआइपी बुस्टरको सुविधा उपलब्ध गराइने कम्पनीले जनाएको छ।

संस्थागत परामर्श सेवाअन्तर्गत 'आइडिया टु आइपिओ' सेवामा आबद्ध हुने पहिलो सातवटा कम्पनीलाई जम्मा सात रुपैयाँमा आइपिओ जारी गर्ने तहसम्म पुऱ्याउनका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउने उल्लेख छ। यसैगरी, आउँदो सोमबारसम्म लागू हुने गरी सात सय रुपैयाँमा आजीवन डिम्याट नवीकरण योजना पनि ल्याएको जनाएको छ।

हाल मेरो सेयर खाता सुविधा अनलाइन मध्यमबाट उपलब्ध गराउँदै आइरहेकोमा क्यापिटलको सातौं वार्षिकोत्सवको अवसरमा आजको मितिले एक हप्तासम्मका लागि सात सय रुपैयाँ मात्रमा मेरो सेयर नवीकरण योजना पनि ल्याएको छ। त्यस्तै, आउँदो असार मसान्तसम्म निःशुल्क डिमयाट खाता खोलिदिने योजना पनि क्यापिटलले सार्वजनिक गरेको छ। सेयर रजिस्ट्रार सेवाअन्तर्गत हाल क्यापिटलले धितोपत्रको दोस्रो बजारमा सूचीकृत नभएका पब्लिक कम्पनी तथा प्राइभेट कम्पनीलाई समेत सेयर रजिस्ट्रारसम्बन्धी सेवा उपलब्ध गराइरहेको छ।

क्यापिटलको सातौं वार्षिकोत्सवको अवसरमा जम्मा सात सय रुपैयाँमा पहिलो एउटा कम्पनीलाई ओटिसी मार्केटमा सूचीकरण गरिदिने जनाएको छ।

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
समृद्धिका लागि समुदाय संग सधै

कर्जा चुक्ता भुक्तानी गर्न आउने बारेको ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/२३

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनका लागि लिएको कर्जा लिदा गरि दिएको लिखित र करारनामा सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा ब्याज किस्ता समेतका रकमहरु नबुझाई ऋण लिदा गरेका शर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवम् लिखित रुपमा पटक-पटक ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौट गर्ने तर्फ बेवास्ता गरि ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै मनशाय नदेखाएकाले यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य रकम एकमुष्ट बुझाउन सुचित गरिएको छ। सो म्याद भित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरेमा प्रचलित कानुन तथा ऋणी र यस संस्था विच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ता विरुद्ध आवश्यक कानुनी कार्वाही चलाईने र तपाईको नाम कर्जा सूचना केन्द्रको कालो सुचिमा समावेश गरिने व्यहोरा समेत यसै सुचनाबाट अग्रिम जानकारी गराईन्छ। कथंकदाचित कर्जा रकम असुल उपर हुन नसके प्रचलित नेपाल सरकारको कानुन बमोजिम अन्य कानुनी कार्वाहीको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्वन्धीत ऋणी तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावलाई यसै सूचनाबाट जानकारी गराउदछौं।

ऋणीको तथा जमानिको विवरण	ऋणीको तथा जमानिको विवरण
(क) ऋणी सदस्यको व्यक्तिगत विवरण १ नाम : **निर्मला थापा** ना.प्र.न : १२९९६ जारी गर्ने कार्यालय :कैलाली बुवाको नाम : संजय कुमार थापा बाजेको नाम : दान बहादुर थापा ठेगाना : टिकापुर १ टिकापुर,कैलाली कर्जा शिर्षक : सेवा कर्जा कर्जा नं. : S१७७ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम : **विपिना ट्रेडर्स** दर्ता निकाय : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय धनगढी कैलाली दर्ता नं. : २४४४७/०७४/७५ फर्म प्रोपराइटर : निर्मला थापा पान न : ६०६९४५३२५ व्यवसायको ठेगाना : टिकापुर १ टिकापुर,कैलाली **ग) जमानी.....१** नाम : **संजय कुमार थापा** ना.प्र. न १५७१९ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : दान बहादुर थापा बाजेको नाम : ठेगाना : टिकापुर १ टिकापुर,कैलाली	**(क) ऋणी सदस्यको व्यक्तिगत विवरण बौनिया शाखा २** नाम :**रतरानी देवी कठरीया** ना.प्र.न : २५९४६ जारी गर्ने कार्यालय : कैलाली पतीको नाम : मनोज कुमार कठरिया ससुराको नाम : लक्ष्मी नारायण क.थारु ठेगाना : बर्दगोरिया गा.पा.०५ कोईलीभुरुवा कर्जा शिर्षक : लघुउधम कर्जा **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: **मनोज एण्ड रतरानी ट्रेडर्स** दर्ता निकाय : वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग दर्ता नं. १७६०६/०६९/७० फर्म प्रोपराइटर : रतरानी देवी कठरिया पान न : ६००९२२८१४ व्यवसायको ठेगाना : बर्दगोरीया गा.पा.०५ कोइलीभुरुवा **ग) जमानी .....१** नाम : **मनोज कुमार कठरिया** ना.प्र.न : २५९४० जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : लक्ष्मी नारायण क.थारु बाजेको नाम : लालजी क.थारु ठेगाना : बर्दगोरीया गा.पा. ०५ कोइलीभुरुवा **घ) जमानी .....२** नाम : **गणेश कठरिया थारु** ना.प्र.न : ६७२०३३/५३७४ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : जग्गु कठरिया थारु बाजेको नाम : तोरी कठरिया थारु ठेगाना : बर्दगोरीया गा.पा. ०५ कोइलीभुरुवा
(क) ऋणी सदस्यको व्यक्तिगत विवरण ३ नाम : **श्रीमती गंगा देवी शर्मा जोशी** ना.प्र.न: ६२०/१८० जारी गर्ने कार्यालय, कैलाली पति को नाम : शंकर प्रसाद शर्मा ससुराको नाम : गोपी नाथ जोशी ठेगाना : टिकापुर १ टिकापुर,कैलाली कर्जा शिर्षक : सेवा कर्जा कर्जा नं. : S१४७ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम : **गौरी ट्रेडर्स एण्ड सप्लायर्स** दर्ता निकाय : वाणिज्य कार्यलय धनगढी कैलाली दर्ता नं. : २५०९७/०७४/७५ फर्म प्रोपराइटर :श्रीमती गंगा देवी शर्मा जोशी पान न : ६०२०७७९६१ व्यवसायको ठेगाना : टिकापुर १ टिकापुर,कैलाली **ग) जमानी.....१** नाम : **शंकर प्रसाद शर्मा** ना.प्र. न : ८/२१५०/९४८ जारी गर्ने कार्यालय : डोटी बाबुको नाम :गोपी नाथ जोशी बाजेको नाम : ठेगाना : टिकापुर १ टिकापुर, कैलाली	**(क) ऋणी सदस्यको व्यक्तिगत विवरण... पुनर्वास शाखा ४** नाम : **कल्पना न्यौपाने थापा** ना.प्र.न : ७५२०२०।१९४५ जारी गर्ने कार्यालय : कचनपुर पतिको नाम : ईन्द्र बहादुर न्यौपाने ससुराको नाम : सुक बहादुर न्यौपाने ठेगाना : पुनर्वास ४ घ गाउ कर्जा शिर्षक : व्यापार **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम : **एस.पि.पोल्टी फर्म** दर्ता निकाय : आन्तरिक राजस्व कार्यालय फर्म प्रोपराइटर : ईन्द्र बहादुर न्यौपाने पान न : ६०१४२६९८८ व्यवसायको ठेगाना : पुनर्वास ४ घ गाँउ **ग) जमानी.....१** नाम : **ईन्द्र बहादुर न्यौपाने** ना.प्र. न : ७५१९५४ जारी गर्ने कार्यालय : कचनपुर बाबुको नाम : सुक बहादुर न्यौपाने बाजेको नाम : दल बहादुर न्यौपाने ठेगाना : पुनर्वास ४ घ गाउ
(क) ऋणी सदस्यको व्यक्तिगत विवरण ५ नाम : **भरत बहादुर लोहार** ना.प्र.न : १२९२० जारी गर्ने कार्यालय : कैलाली बुबाको नाम : शेर बहादुर लोहार बाजेको नाम : गोरे लोहार ठेगाना : टिकापुर १ टिकापुर,कैलाली कर्जा शिर्षक : सेवा कर्जा कर्जा नं. : ५१ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: **: आयुष सटर गिल उधोग** दर्ता निकाय : घरेलु तथा साना उधोग कार्यलय धनगढी कैलाली दर्ता नं. : ६८२०/११९ फर्म प्रोपराइटर : श्री भरत बहादुर लोहार पान न : ६००७७६९५० व्यवसायको ठेगाना : टिकापुर १ टिकापुर,कैलाली(व्यावसाय क्षेत्र) **ग) जमानी.....१** नाम : **रितु लोहार** ना.प्र. न ६७२०४०/१११५२ जारी गर्ने कार्यालय :कैलाली पतिको नाम : भरत बहादुर लोहार ससुराको नाम : शेर बहादुर लोहार ठेगाना : टिकापुर १ टिकापुर,कैलाली	**(क) ऋणी सदस्यको व्यक्तिगत विवरण सुखड शाखा ६** नाम : **आशा देवी चौधरी** ना.प्र.न : ६७३०२९/६१५ जारी गर्ने कार्यालय : कैलाली पतीको नाम : काला देउ चौधरी ससुराको नाम : लवारी चौधरी ठेगाना : घोडाघोडी न.पा.०३ निम्दी कर्जा शिर्षक : लघुउधम कर्जा **ख) जमानी.....१** नाम : **काला देउ चौधरी** ना.प्र. न ३/१३९८ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : लवारी चौधरी बाजेको नाम : लल्तु चौधरी ठेगाना : घोडाघोडी न.पा.०३ निम्दी **ग) जमानी.....२** नाम : **डम्बर चौधरी** ना.प्र.न. ६७-०६-७५-०३२८८ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : काला देउ चौधरी बाजेको नाम : लवारी चौधरी ठेगाना : घोडाघोडी न.पा.०३ निम्दी
(क) ऋणी सदस्यको व्यक्तिगत विवरण ७ नाम : **सत्यलाल विश्वकर्मा** ना.प्र.न : ६७२०४०/८५८५ जारी गर्ने कार्यालय : कैलाली बुबाको नाम : प्रेम सिंह विश्वकर्मा बाजेको नाम : चतुरे विश्वकर्मा ठेगाना : टिकापुर १ टिकापुर,कैलाली कर्जा शिर्षक : सेवा कर्जा कर्जा नं. : M१७२ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: : **ए टु जेड अटो पार्टस** दर्ता निकाय : वाणिज्य तथा आपुर्ति मन्त्रालय वाणिज्य विभाग धनगढी कैलाली दर्ता नं. : १५६०७/०६८ /६९ फर्म प्रोपराइटर : श्री सत्यलाल विश्वकर्मा पान न : ६००२६४०७५ व्यवसायको ठेगाना : टिकापुर १ टिकापुर,कैलाली **(ग) जमानी.....१** नाम : **पुजा विश्वकर्मा** ना.प्र. न ६७२०४०/२६८०३ जारी गर्ने कार्यालय :कैलाली पतिको नाम : सत्यलाल विश्वकर्मा ससुराको नाम : प्रेम सिंह विश्वकर्मा ठेगाना : टिकापुर १ टिकापुर,कैलाली	**(क) ऋणी सदस्यको व्यक्तिगत विवरण. लम्की बी शाखा ८** नाम : **जगतराज रेग्मी** ना.प्र.न : २५३७४ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : देवराज रेग्मी बाजेको नाम : सहदेव रेग्मी ठेगाना : लम्की चुहा ०२ मोतीपुर कर्जा शिर्षक : व्यापार कर्जा नं. : २२२ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: **श्री किस्टोन इग्लिस बौडिंग स्कुल प्रा.ली.** दर्ता निकाय : कम्पनी रजिष्टडार कार्यालय दर्ता नं. : ८०६२२।०६७।०६८ फर्म प्रोपराइटर: जगतराज रेगमी पान न : ६००९२४४७६ व्यवसायको ठेगाना : लम्की चुहा २ मोतीपुर कैलाली **(ग) जमानी .....१** नाम : **देव राज रेग्मी** ना.प्र. न : ३७५६ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : सहदेव रेग्मी बाजेको नाम : धनकृष्ण रेग्मी ठेगाना : लम्की चुहा ०२ मोतीपुर कैलाली

(क) ऋणी सदस्यको व्यक्तिगत विवरण ९ नाम : **लाल केश जैसी** ना.प्र.न : २०३ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : राम शरण जैसी बाजेको नाम. महानन्द जैसी ठेगाना : टिकापुर १ टिकापुर,कैलाली कर्जा शिर्षक : सेवा कर्जा कर्जा नं. : S४४ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: : **ओम लक्ष्मी ट्रेड एण्ड कन्सर्न** दर्ता निकाय : वाणिज्य विभाग धनगढी कैलाली दर्ता नं. : १४५७५/०६७ /६८ फर्म प्रोपराइटर : श्री लाल केश जैसी पान न : ३०३६४८३१४ व्यवसायको ठेगाना : टिकापुर १ टिकापुर,कैलाली **(ग) जमानी.....१** नाम : **चन्द्रकला पाण्डेय** ना.प्र.न : ६७२०४२/१०७७२ जारी गर्ने कार्यालय : कैलाली पतिको नाम : लाल केश जैसी ससुराको नाम : राम शरण जैसी ठेगाना : टिकापुर १ टिकापुर,कैलाली	**क) ऋणी सदस्यको व्यक्तिगत विवरण लम्की बी शाखा १०** नाम : **देवीराम जैशी (कडेल** ना.प्र.न : १५१७१ जारी गर्ने कार्यालय : कैलाली बुबाको नाम : रविलाल जैशी कडेल बाजेको नाम : जयलाल कडेल ठेगाना : लम्की चुहा ०१ लम्की कर्जा शिर्षक : व्यापार कर्जा **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम : **देराक ट्रेडर्स** दर्ता निकाय : वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग दर्ता नं. १८२०५/०६९/७० फर्म प्रोपराइटर : देवीराम जैशी (कडेल) पान न : ६०१०६६१६८ व्यवसायको ठेगाना : लम्की चुहा ०१ लम्की कैलाली **ग) जमानी .....१** नाम : **प्रेमा कुमारी जैसी कडेल** ना.प्र.न : ७२२४२ जारी गर्ने कार्यालय : कैलाली पतीको नाम : देवीराम जैसी (कडेल) बाजेको नाम : रविलाल जैशी कडेल ठेगाना : लम्कीचुहा ०१ लम्की कैलाली
(क) ऋणी सदस्यको व्यक्तिगत विवरण ११ नाम : **गणेश बहादुर क्षेत्री** ना.प्र.न : ३५४८/१८४ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : हरी बहादुर क्षेत्री बाजेको नाम : चन्द बहादुर क्षेत्री ठेगाना : टिकापुर ६ नारायणपुर,कैलाली कर्जा शिर्षक : सेवा कर्जा कर्जा नं. : S१११ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: : **बंगलामुखी ट्रेडर्स एण्ड सप्लायर्स** दर्ता निकाय : वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग धनगढी कैलाली दर्ता नं. : १८७६९/०७० /७१ फर्म प्रोपराइटर : गणेश बहादुर क्षेत्री पान न : ६०१४८१६११ व्यवसायको ठेगाना : टिकापुर ६ नारायणपुर,कैलाली **ग) जमानी.....१** नाम : **स्मीता क्षेत्री** ना.प्र.न : ६७/२०४२/६९२३ जारी गर्ने कार्यालय : कैलाली पतिको नाम : गणेश बहादुर क्षेत्री ससुराको नाम : हरी बहादुर क्षेत्री ठेगाना : टिकापुर ६ नारायणपुर, कैलाली	**(क) ऋणी सदस्यको व्यक्तिगत विवरण १२** नाम : **टेक बहादुर थापा** ना.प्र.न :४।६२६८।१८८२ जारी गर्ने कार्यालय : कैलाली बुबाको नाम : दिघं बहादुर थापा पतिको नाम : नर बहादुर थापा ठेगाना : लम्की चुहा न.पा. ०५ चौरी कर्जा शिर्षक : व्यापार कर्जा नं. : २०८ **ख) निजको व्यवसायको विवरण** फर्मको नाम : **अनुकुल होटल एण्ड लज** दर्ता निकाय : घरेलु तथा साना उघोग कार्यालय दर्ता नं. : ८०२५ फर्म प्रोपराइटर : टेक बहादुर थापा पान न : १०१२९१६३९ व्यवसायको ठेगाना : बर्दगोरिया गा.पा. २ बौनिया कैलाली **ग) जमानी.....१** नाम : **अनुपा थापा** ना.प्र. न : ६७२००२।४३९३४ जारी गर्ने कार्यालय : कैलाली पतिको नाम : टेक बहादुर थापा ससुराको नाम : दिघं बहादुर थापा ठेगाना : लम्की चुहा ०५ चौरी कैलाली
(क) ऋणी सदस्यको व्यक्तिगत विवरण १३ नाम : **ओम प्रकाश थारु** ना.प्र.न : २२२५/१०३५ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : खुसीराम डगौरा थारु बाजेको नाम : बाधुराम डगौरा ठेगाना : जानकी गा.पा. ६ सुवर्णपुर,कैलाली नाम : **कृष्ण बहादुर थापा** ना.प्र.न : १०९०९ जारी गर्ने कार्यालय : बफाड बाबुको नाम : तारा थापा बाजेको नाम : नाक्चे थापा ठेगाना : जानकी गा.पा. ३ सुवर्णपुर,कैलाली कर्जा शिर्षक : सेवा कर्जा कर्जा नं. : S१३१ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: : **आर.वि.ईटा उधोग** दर्ता निकाय : घरेलु तथा साना उधोग कार्यालय धनगढी कैलाली दर्ता नं. : ५६५ फर्म प्रोपराइटर : ओम प्रकाश थारु/कृष्ण बहादुर थापा पान न : ६१४४३६४०४ व्यवसायको ठेगाना : जानकी गा.पा. ८ भगरिया कैलाली **(ग) जमानी.....१** नाम : **भागमोती देवी थारु** ना.प्र. न. ६७३०४१/८८३ जारी गर्ने कार्यालय : कैलाली पतिको नाम : ओम प्रकाश थारु ससुराको नाम : खुसीराम डगौरा थारु ठेगाना : जानकी गा.पा. ६ सुवर्णपुर, कैलाली **(घ) जमानी.....२** नाम : **संगिता देवी थापा** ना.प्र. न.१४६३३ जारी गर्ने कार्यालय : बफाड पतिको नाम : कृष्ण बहादुर थापा ससुराको नाम : तारा थापा ठेगाना : जानकी गा.पा. ३ सुवर्णपुर, कैलाली **ङ) जमानी.....३** नाम : **सन्जीत चौधरी** ना.प्र. न. जारी गर्ने कार्यालय : बाबुको नाम : ओम प्रकाश थारु बाजेको नाम : खुसीराम डगौरा थारु ठेगाना : जानकी गा.पा. ६ सुवर्णपुर, कैलाली	**(क) ऋणी सदस्यको व्यक्तिगत विवरण बौनिया शाखा १४** नाम : **सुमित्रा देवी डगौरा थारु** ना.प्र.न : ६७३००४/११०४ जारी गर्ने कार्यालय : कैलाली पतीको नाम : हसन डगौरा थारु ससुराको नाम : भरथरी डगौरा थारु ठेगाना : बर्दगोरिया गा.पा.०२ बौनिया कर्जा शिर्षक : लघुउधम कर्जा **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: **सुमित्रा ट्रेडर्स** दर्ता निकाय : वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग दर्ता नं. २३७३१/०७३/७४ फर्म प्रोपराइटर : हसन डगौरा थारु पान न : ६०५७६१७०६ व्यवसायको ठेगाना : बर्दगोरीया गा.पा. ०२ बौनिया **ग) जमानी .....१** नाम : **हसन डगौरा थारु** ना.प्र.न : ८४६७ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : भरथरी डगौरा थारु बाजेको नाम : छेदु डगौरा ठेगाना : बर्दगोरीया गा.पा. ०२ बौनिया **घ) जमानी .....२** नाम : **अरुण डगौरा थारु** ना.प्र.न : ६७-०६-७६-०२७८७ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : शंकर डगौरा थारु बाजेको नाम : जगेश्वर डगौरा थारु ठेगाना : बर्दगोरीया गा.पा. ०२ बौनिया
(क) ऋणी सदस्यको व्यक्तिगत विवरण १५ नाम : **टेक बहादुर बलायर** ना.प्र.न : १५४७६ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : केशब बहादुर बलायर बाजेको नाम : मान बहादुर बलायर ठेगाना : जानकी गा.पा.३ मोतीनगर कैलाली कर्जा शिर्षक : सेवा कर्जा कर्जा नं. : E३०६ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम: : **कोकीला अमन ट्रेडर्स** दर्ता निकाय : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग कार्यालय धनगढी कैलाली दर्ता नं. : १७६२८/०६९/७० फर्म प्रोपराइटर : टेक बहादुर बलायर पान न : ६०८८३७१६७ व्यवसायको ठेगाना : जानकी गा.पा. ७ मोतीनगर कैलाली **ग) जमानी ..... १** नाम : **दुर्गा देवी बलायर** ना.प्र. न : ४०२५६ जारी गर्ने कार्यालय : कैलाली पतिको नाम : टेक बहादुर बलायर ससुराको नाम : केशव बहादुर बलायर ठेगाना : जानकी गा.पा. ७ मोतीनगर कैलाली	**(क) ऋणी सदस्यको व्यक्तिगत विवरण १६** नाम : **राम बहादुर बडुवाल** ना.प्र.न :४।५०२१।२७२४ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : सिरे बडुवाल बाजेको नाम : कृष्ण बहादुर बडुवाल ठेगाना : लम्की चुहा ०१ लम्की कर्जा शिर्षक : व्यापार कर्जा नं. : ५५ **(ख) निजको व्यवसायको विवरण** फर्मको नाम : **बडुवाल जनरल स्टोर** दर्ता निकाय : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय दर्ता नं. : ९१७६।०६०।०६१ फर्म प्रोपराइटर : राम बहादुर बडुवाल पान न : ३००६३३९६६ व्यवसायको ठेगाना : लम्की चुहा ०१ लम्की कैलाली **ग) जमानी.....१** नाम : **नृप बडुवाल** ना.प्र. न : ६७२००२।६६२५ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : राम बहादुर बडुवाल ससुराको नाम : सिरे बडुवाल ठेगाना : लम्की चुहा ०१ लम्की कैलाली
(क) ऋणी सदस्यको व्यक्तिगत विवरण सुखड शाखा १७ नाम : **पार्वती देवी बुढा** ना.प्र.न: २८४२४ जारी गर्ने कार्यालय : कैलाली पति को नाम : डिल्ली राज बुढा ससुराको नाम : गमे बुढा ठेगाना : घोडाघोडी न.पा.०१ सुखड कर्जा शिर्षक : व्यापार कर्जा **ख) जमानी.....१** नाम : डिल्ली राज बुढा ना.प्र. न : १००२/४९२९ जारी गर्ने कार्यालय : कैलाली बाबुको नाम : गमे बुढा बाजेको नाम : महाविर बुढा ठेगाना : घोडाघोडी न.पा.०१ सुखड	किसान बहुउद्देश्यीय सहकारी संस्था लि. केन्द्रिय कार्यालय लम्कीचुहा-१, कैलाली फो न. ०९१-५४०४२६, ५४०४८६ १६६०९११७३३३ www.kisancoop.com info@kisancoop.com

■ त्रिकोणात्मक टी-२० क्रिकेट

नेदरल्यान्ड्सलाई सिरिज

फाइनलमा नेपाल दिएको १८५ रनको लक्ष्य नेदरल्यान्ड्सले ६ विकेट गुमाउँदै १९.३ ओभरमा पूरा गऱ्यो

रमेश सुवेदी/नयाँ पत्रिका

नेदरल्यान्ड्सले त्रिकोणात्मक टी-२० क्रिकेट प्रतियोगिताको उपाधि नेदरल्यान्ड्सले जितेको छ। त्रिवि क्रिकेट मैदानमा नेदरल्यान्ड्सले मंगलबार घरेलु टोली नेपाललाई फाइनलमा ४ विकेटले स्तब्ध पार्दै उपाधि हात पारेको हो। पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ८४ रनको बलियो योगफल खडा पारेको थियो। प्रत्युत्तरमा नेदरल्यान्ड्सले १९.३ ओभरमा ६ विकेट गुमाएर जित निकाल्यो। नेदरल्यान्ड्सलाई अन्तिम ओभरमा सात रन आवश्यक थियो। नेपालका लागि अनुभवी बलर करण केसीले बलिङ गरेका थिए। क्रिजमा नेदरल्यान्ड्सका भान डेर मर्वे र टिम भान डेर थिए।

मेर्वेले एक रन लिँदै टिम भानलाई स्ट्राइक दिए। टिम भानले १९.२ ओभरमा चौका र १९.३ ओभरमा छक्का प्रहार गर्दै नेदरल्यान्ड्सलाई उपाधि दिलाउन महत्त्वपूर्ण योगदान दिए। उनले पाँच बलमा समान दुई चौका र छक्का प्रहार गरी २१ रनको योगदान दिए। नेदरल्यान्ड्सका लागि ओपनर माइकल लेभिटले आक्रामक रूपमा अर्धशतकीय इनिङ्स खेले। यसैगरी, साइब्रान्ड एंगलब्रेक्टले २९ बलमा चार चौका र तीन छक्काको सहयोगमा ४८ रनको आक्रामक इनिङ्स खेल्दै नेदरल्यान्ड्सलाई सहज स्थितिमा पुऱ्याए। लक्ष्य पछ्याएको इनिङ्समा नेदरल्यान्ड्सका लागि माइकल लेभिट र म्याक्स ओडाउडले पहिलो विकेटका लागि ८.३ ओभरमा ८३ रनको साझेदारी गरेका थिए।

लेभिटले २९ बल सामना गरी ६ चौका र तीन छक्का प्रहार गरी ५४ रन जोडे। क्रिजमा सेट भएका लेभिटलाई कुशल मल्लले रोहित पौडेलबाट क्याच आउट गराउँदै नेपाललाई पहिलो सफलता दिलाए। लक्ष्य पछ्याएको इनिङ्सको कुनै पनि समयमा नेदरल्यान्ड्स कमजोर देखिएन्। विक्रमजित सिंह र साइब्रान्डले तेस्रो विकेटका लागि ५० रनको साझेदारी गर्दै टोलीलाई १५.२ ओभरमा १३४/३ को स्थितिमा राखे। विक्रमजितले ११औँ ओभरमा लगातार तीन छक्का प्रहार गरी खेल नेदरल्यान्ड्सतर्फ ल्याए। नेदरल्यान्ड्सलाई अन्तिम ५ ओभरमा ५२ रन आवश्यक थियो। तर, डेथ ओभरमा नेपालका बलरले गतिलो प्रदर्शन गर्न सकेनन्। अभिनाश कर्णले फयाकेको १८औँ ओभरमा नेदरल्यान्ड्सले २१ रन बटुलेको थियो।



तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

नेदरल्यान्ड्सविरुद्ध राम्रो प्रतिस्पर्धा गऱ्यौं

मोन्टी देसाई, प्रशिक्षक, नेपाल



हामीलाई आफ्नो योजना मैदानमा लागू गर्न यस्तै अनुभवले सहयोग गर्छ। फाइनलमा हामीले नेदरल्यान्ड्सविरुद्ध राम्रै प्रतिस्पर्धा गऱ्यौं। लिगमा नेदरल्यान्ड्सजस्तो बलियो टोलीलाई हराउन सफल भएको थियो। नेपालले आइसिसी विश्वकप २०२४ को तयारीस्वरूप हङकङमा त्रिकोणात्मक सिरिज खेल्दै छ। हङकङमा सिरिज खेल्दा नेपाललाई आफ्नो 'बेन्च बलियो' बनाउन सजिलो हुनेछ।

स्कोरबोर्डमा १०-१५ रन कम भयो

रोहितकुमार पौडेल, कप्तान, नेपाल



नेदरल्यान्ड्सविरुद्धको खेलमा १०-१५ रन कम भयो। जुनअनुसार राम्रो सुरु गरेका थियौं। त्यसलाई हामीले अन्तिमसम्म लान सकेनौं। हामीले लगातार विकेट गुमाउँदा २ सय रन बनाउन सकेनौं। सुरुवाती दुई खेलमा राम्रो ब्याटिङ भयो। यद्यपि, सिरिजमा पावर प्ले र डेथ ओभरमा राम्रो बलिङ गर्न सकेनौं। पावर प्ले र डेथ ओभरमा प्लान एक्जिक्युट नै भएन।

आसिफ चुके अर्धशतक बनाउन

यसअघि पहिलो ब्याटिङ गरेको नेपालले पहिलो विकेटका लागि गतिलो सुरुवात गरेको थियो। ओपनरद्वय कुशल भुर्तेल र आसिफ सेखले पहिलो विकेटका लागि ३.३ ओभरमा २३ रनको साझेदारी गरे। लगातार छक्का प्रहार गरेका भुर्तेल अनावश्यक स्कुप सट लगाउने क्रममा भान डेर गुर्टनबाट बोल्ड भए।

त्यसपछि कप्तान रोहित र आसिफबीच दोस्रो विकेटका लागि ५९ रनको साझेदारी हुँदा नेपाल २३-१ बाट ८२-२ को बलियो स्थितिमा पुग्यो। रोहितले १९ बलमा तीन चौका र एक छक्का प्रहार गरी २५ रन बनाए। गुल्सन झाले २५ बलमा तीन चौकाको सहयोगमा ३४ रन बनाए। उनले सेखसँग तेस्रो विकेटका लागि ४३ रनको साझेदारी गरे। अर्धशतकतर्फ अग्रसर भएका सेख ४७ रनमा एलबिडब्लू भए। लेभिटको ओभरमा आउट हुनुअघि उनले ३७ बलमा तीन छक्का र एक चौका प्रहार गरे। कुशल मल्लले ११ बलमा तीन छक्काको सहयोगमा २६ रन जोडे।

१० रनको अन्तरमा चार विकेट

ब्याटिङ क्रममा दीपेन्द्रसिंह ऐरी एक रनमा आउट हुँदासम्म नेपाल सुदृढ अवस्थामा थियो। तर, इनिङ्सको १७औँ र १८औँ ओभरमा नेपालल आठ बलको अन्तरमा महत्त्वपूर्ण चार विकेट गुमायो। यही चार विकेट लगातार गुम्दा नेपालले बलियो नेदरल्यान्ड्सविरुद्ध दुई सय रन कटाउन नसकेको हो। इनिङ्सको १७.१ ओभरमा कुशल मल्ल र इनिङ्सको १७.६ ओभरमा करण केसी आउट भए। दुवै ब्याट्समान्यानलाई इन्गेब्रेचले आउट पारेका हुन्। त्यसपछि १८.१ ओभरमा गुल्सन र १८.२ ओभरमा आरिफ सेखको विकेट पतन भयो। उनीहरूलाई फ्रेड क्लासेनले पेभेलियन पठाए। नेपाल १५८-४ बाट १६८-८ को कमजोर अवस्थामा पुगेको थियो।

■ झापा गोल्डकप

चर्च ब्वाइजको कठिन जित

झापामा चिरञ्जीवी घिमिरे

विदेशी खेलाडी अवयामीको एक मात्र गोलको सहयोगमा मंगलबार चर्च ब्वाइज युनाइटेडले न्युरोड टिम (एनआरटी)लाई १-० ले हराउँदै छैटौं झापा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान पक्का गरेको छ। बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा भएको दोस्रो क्वार्टरफाइनलमा चर्च ब्वाइजलाई अन्तिम चारमा पुऱ्याउन अवयामीले सन्जित राईको सटिक पासमा गोल गरेका हुन्। अवयामी डिबक्सभित्र अनमार्कमा रहेका थिए।



पहिलो हाफमा आक्रामक देखिएको चर्च ब्वाइज दोस्रो हाफमा रक्षात्मक रणनीतिमा प्रतिस्पर्धा गरेको थियो। एनआरटीको फिनिसिङ लाइन निकै कमजोर देखिन्थ्यो। एनआरटीका विदेशी स्टाइकर अफिज ओलावले खासै चल्न सकेनन्। एनआरटीले चर्च ब्वाइजविरुद्ध बल पोसेसन बलियो राखे पनि फिनिसिङमा चुकेको थियो।

चर्च ब्वाइजको तुलनामा एनआरटीले धेरै मिस पास खेलेको थियो। खेलको ३२औँ मिनेटमा चर्च ब्वाइजका मिलन राईले पेनाल्टी क्षेत्रमा एनआरटीका गोलरक्षक पुजन होनासँग वान टु वानमा गोल गर्न सकेनन्। खेलको ८६औँ मिनेटमा चर्च ब्वाइजले दोहोरो अग्रता लिने मौका चुकायो। मैदानको मध्य भागबाट चर्च ब्वाइजका बिजु भुजेलले एक्लै लगेको बल विपक्षी रक्षक पुजन होनालाई बिट हुँदा गोल गर्न चुके।

मैदानको दायाँ भागबाट उनले गरेको प्रहार बायाँ पोस्टनजिकैबाट बाहिरियो। दोस्रो हाफमा चर्च ब्वाइजले खासै मौका बनाउन सकेन। 'ए' डिभिजन लिग विजेता क्लब चर्च ब्वाइजको प्रदर्शन मध्यान्तरपछि उत्कृष्ट भएन। दोस्रो हाफमा एनआरटी चर्च ब्वाइजमाथि हाबी भयो।

टिम सेट हुन समय लाग्यो

● **रुबेन राई**, प्रशिक्षक, चर्च ब्वाइज

अहिले हाम्रा केही खेलाडी राष्ट्रिय टोलीको प्रशिक्षणमा छन्। स्तरीय खेलाडी साथ नहुँदा एनआरटीविरुद्ध सोचे प्रदर्शन हुन नसकेको हो। झापामा सहभागी हुन खेलाडीबीचको टिम सेट गर्नका लागि समय पनि पुगेन। त्यसकारण, अवसर सिर्जना भए पनि स्कोर गर्न नसकिएको हो।

फिनिसिङमा अभाव देखियो

● **जीवन सिंकेमान**, प्रशिक्षक, एनआरटी

मध्यान्तरपछि एनआरटीको प्रदर्शन राम्रो भएको थियो। यस अवधिमा हामीले चर्च ब्वाइजमाथि दबाब राख्न सफल भयौं। तर, हाम्रो टोलीको फिनिसिङ अभाव देखियो। यसकारण नै राम्रो गोल अवसरमा समेत खेलाडी चुके। खेलाडीबीच तालमेल नमिल्दा हार व्यहोर्न पुग्यौं।

■ सूर्य नेपाल च्यालेन्ज

सदभावले लिए एक स्ट्रोकको अग्रता



नयाँ पत्रिका

एमेच्योर गल्फर सदभाव आचार्यले सूर्य नेपाल गल्फ टुर २०२३/२४ अन्तर्गतको पाँचौं सूर्य नेपाल च्यालेन्जको दोस्रो दिन मंगलबार एक स्ट्रोकको अग्रता लिएका छन्। साबिक विजेतासमेत रहेका आचार्यले शीर्षमा रहन तीन अन्डर एक सय ३३ स्कोर गरेका थिए। उनले प्रोफेसनल गल्फर धनबहादुर थापालाई एक स्ट्रोकले पछि पारेका छन्। धन समग्रमा २-अन्डर १ सय ३४ स्कोरका साथ दोस्रो स्थानमा उक्लिएका छन्। पूर्व नम्बर एक गल्फर रवि खड्का र पहिलो दिनमा शीर्ष स्थानमा रहेका रामे मगरले समग्रमा १ अन्डर ३५ स्कोरको नतिजामा संयुक्त रूपमा तेस्रो स्थानमा छन्। रविले दोस्रो दिन २ अन्डर ६६ र रामेले २ ओभर ७० स्कोर गरेका थिए।

२ अन्डर ६६ स्कोर गरेका दिनेश प्रजापति समग्रमा इभन पार १ सय ३६ का साथ पाँचौं स्थानमा रहेका छन्। छैटौं स्थानमा रहेका जयराम श्रेष्ठले समग्रमा २ ओभर १ सय ३८ स्कोर गरेका थिए। भुवन नगरकोटी पनि छैटौं स्थानमा छन्। उनले ३ ओभर ७१ स्कोर गरे। ३ ओभरको खराब प्रदर्शनमा भुवन तेस्रो स्थानबाट छैटौं स्थानमा तल झरेका हुन्। एमेच्योरतर्फ टासी छिरिङ र राहुल विके समग्रमा ६ ओभर १ सय ४२ स्कोरसहित संयुक्त रूपमा दोस्रो स्थानमा छन्। दुवैले ३ ओभर ७१ को स्कोर बनाए। उनीहरू शीर्ष स्थानमा रहेका सदभावभन्दा ९ स्ट्रोकले पछि रहेका छन्।

३६ होलको समाप्तिपछि १९ ओभर १ सय ५५ सम्म स्कोर गरेका २१ प्रोफेसनल र ३ एमेच्योर गरी कुल २४ जनाले कट बनाएका छन्। कृष्णमान राजवाहक, रामकृष्ण श्रेष्ठ, रमेश अधिकारी, विष्णुप्रसाद शर्मा, प्रदीपकुमार लामा, टंक बहादुरकार्की, भुवनकुमार रोक्का, वसन्तराज गुरुङ, पशुपति शर्मा, धुव्र केसी, किसन कालीराज सुनार र विकास अधिकारीले अन्तिम ३६ होलका लागि स्थान सुरक्षित गरे।

उपाधि रक्षाको कोसिसमा

उपाधि रक्षा गर्ने कोसिसमा रहेका युवा गल्फर सदभावले फ्रन्ट नाइन १ ओभर ३५ स्कोरमा सकाए। पहिलो र चौथो होलमा बर्डी प्रहार गरेका उनले पाँचौं होलमा डबल बोगी र सातौं होलमा बोगीको सामना गरे। सदभावले ब्याक नाइन भने २ अन्डर ३२ स्कोर गरेका थिए। ५ पारको १०औँ होलमा इगल निकाले सदभावले ११औँ होलमा बर्डी प्रहार गरे। उनले १४ औँ होलमा भने एक सट खेर फाले। धनले दोस्रो होलको बोगीका विरूद्ध तेस्रो र पाँचौं होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन १ अन्डरमा सकाए। उनले १२ औँ होलमा बोगी र १३औँ होलको बर्डीले ब्याक नाइनमा इभन पार ३४ को स्कोर निकाले। दोस्रो र चौथो होलको बर्डीमा रविले फ्रन्ट नाइन २ अन्डर ३२ मा पूरा गरे। यसपछि १५औँ होलमा एक सट खेर फाल्दा उनले १८औँ होलको बर्डीले ब्याक नाइन इभन पार ३४ मा सकाए।

खेल संक्षेप

कैलाली प्रथम

धनगढी/ सुदूरपश्चिम प्रदेशस्तरीय १४औँ राष्ट्रपति रनिङ सिल्ड छनोट प्रतियोगितामा कैलाली प्रथम भएको छ। धनगढीमा भएको प्रतियोगितामा कैलालीले ३१ स्वर्ण, १८ रजत र १५ कांस्य पदकसहित ६४ पदक जितेको छ। १९ स्वर्णसहित ५२ पदकका साथ कञ्चनपुरले दोस्रो स्थानमा रह्यो। तेस्रो भएको डडेल्धुराले सात स्वर्णसहित ३३ पदक जित्यो। बैतडीले पाँच स्वर्णसहित १७ पदक हात पारेको छ।

ग्रेडिङमा ६० खेलाडी

काठमाडौं/ एसकेबिसी तेक्वान्दो डोजाङका खेलाडीमा ६० खेलाडी सहभागी भएका छन्। डोजाङ आयोजनामा भएको ग्रेडिङको सिनियर र जुनियर गरी ६० खेलाडीको सहभागिता रहेको डोजाङका प्रमुख प्रशिक्षक रञ्जित डगौराले जनाएका छन्। सिनियरतर्फ आभास डिओ, वृजेश रायमाझी, हर्षदा थारू, स्मृति थारू, असिम घिमिरे, क्षितिज घले र राज पनेरू पहिलो डन ब्ल्याकबेल्ट प्राप्त गरेको प्रमुख प्रशिक्षक डगौराले बताए।

काठमाडौं च्याम्पियन

काठमाडौं/ काठमाडौं जिल्लाले १४औँ बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको उपाधि मंगलबार जितेको छ। १३ जिल्लाको सहभागितामा विभिन्न ६ खेल समावेश प्रतियोगितामा काठमाडौं ३१ स्वर्ण, १२ र ९ कांस्यसाथ समग्रमा लगातार तेस्रोपटक टिम च्याम्पियन बनेको काठमाडौं जिल्ला खेलकुद विकास समितिका अध्यक्ष गणेशलाल कक्षपतिले जनाएका छन्।

Invitation for Online Bids

Thakre Rural Municipality
Office of the Rural Municipal Executive
Mahadevbesi, Dhading
Bagmati Province, Nepal

Invitation for Online Bids for Procurement of Drugs

Date of Publication: 06-03-2024

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract mentioned below:

S. NO.	Contract ID No.	Project Name	Estimated cost (without VAT) (NRS)	Bid Security amount (NRS)	Bid document fee (NRS)
1	01/THAKRE/ HEALTH/ GOODS/080/81	PROCUREMENT OF DRUGS FOR THE FISCAL YEAR 2080/81	25,00,000/-	75,000/-	3000/-

2. Thakre Rural Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of drugs.
3. Eligible Bidders may obtain Further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading , Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp
   Intrested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs in the following specified bank.
   Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi Branch
   Name of the office : Thakre Rural Municipality
   Office account no : 0510101118900121
5. Intrested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 05-04-2024 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and User manuals issued by PPMO which are available in e-GP System.
6. Online bid shall be opened in the presence of bidders who choose to attend on 05-04-2024 13:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 90 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account Maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
7. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.

सदस्य पहिचान फारम KYM अपडेट गर्ने बारे सूचना

प्रकाशित मिति : २०८०/११/२३

उपरोक्त विषयमा सहकारी विभागबाट मिति २०८० माघ ९ गते जारी गरेको निर्देशन अनुसार देश भरिका सहकारी संघ संस्थाहरुमा कारोबार गरि रहेको शेयर सदस्य तथा खाता संचालक महानुभावज्यूहरुले सम्पती शुद्धिकरण निवारण ऐन २०६४ को दफा ७ क, सम्पती शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण नियमावली २०७३ को नियम ४, ५ तथा सहकारी विभागबाट जारी सम्पति शुद्धिकरण निवारण सम्बन्धि निर्देशन (तेस्रो संसोधन सहित) २०७४ को दफा ३ अनुसार सदस्य पहिचान फारम **KYM** अपडेट गर्नु पर्ने भएकाले, यस संस्थाले सहकारी विभागको निर्देशिका बमोजिमको नयाँ **KYM** फारम प्रकाशन गरेको हुँदा हाल सम्म किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा सञ्चालनमा रहेका सम्पूर्ण खातावाला/शेयर सदस्य महानुभावज्यूहरुले तपसिलका कागजात ल्याई मिति २०८१ असार मसान्त भित्र सम्बन्धीत शाखामा स्वयम् उपस्थित भई **KYM** फारम अपडेट गरि दिन हुन यसै सूचना मार्फत सम्पूर्णमा सूचित गरिन्छ। सहकारी विभागको निर्देशन बमोजिम अपडेट नभएका खाताहरु २०८१ असार मसान्त पश्चात स्वत: **DORMANT** हुने व्यहोरा अग्रिम जानकारी गरिन्छ।

तपशिल

- हालसालै खिचेको पासपोर्ट साइज फोटो - २ प्रति।
- नागरिकताको फोटोकपी - १ प्रति।

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
केन्द्रिय कार्यालय लम्कीचुहा-१, कैलाली
फोन नं. : ०५१-५४०४२६, ५४०४८६ हटलाईन : १६६०५११७३३३
Web. : www.kisancoop.com, Email : info@kisancoop.com
समृद्धिका लागि समहाय संग सगै

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०/११/२३ गते)

यस कार्यालयबाट देहायको निर्माण कार्यका लागि देहायको मितिमा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको देहायको बोलपत्र आह्वानको सूचनाअनुसार रितपूर्वक पेश हुन आएका बोलपत्रहरूमध्ये देहायको बोलपत्र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृत गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा स्वीकृत Bidding document को ITB 33.1 को प्रयोजनार्थ सबैको जानकारीका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	ठेक्काको विवरण	बोलपत्र सूचना प्रकाशित भएको मिति	स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना	स्वीकृत रकम (रु.) (भ्याट र पिएससहित)
१.	Upgrading of access Roads, major Electrical Works and other miscellaneous works at proposed Industrial village, Lisankhu Pakhar RM-04, Sikre, Nayabasti(Package-III), LPRM/ Works/IV/NCB/080/81-11	२०८० माघ १६ गते	Danfe Builders and Suppliers Pvt. Ltd, Kathmandu	८६,३६,८०९.९१/-
२.	Construction of Tashi Chhyoeling Gumba, Lisankhu Pakhar RM-03, Wafal, LPRM/ Works/BG/NCB/080/81-12	२०८० माघ १६ गते	Karyashakti Construction and Engineering, Kathmandu	१,३०,५१,८४०.०२/-

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com